# रातो खबर

Ratokhabar weekly

साप्ताहिक




## विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी हाम्रो मित्र शक्ति हो

■ मोहन वैद्य 'किरण'

अन्तरवार्ता ➔ पृष्ठ ३

वर्ष ३, अङ्क ३२, पूर्णाङ्क १२७ | २०७४ माघ १० गते बुधबार | Wednesday, 24 Jan 2018 | www.eratokhabar.com | मूल्य रु. १०

## भ्रष्टाचार गर्नेमाथि जनकार्वाही हुने



■ रातो खबर संवाददाता/

हिजो आज स्थानीय सरकारले गाउ-गाउमा जनतालाई लुटिरहेको जनगुनासाहरू सार्वजनिक हुन थालेका छन् । निर्वाचन पछि गठन भएको स्थानिय निकायले विभिन्न शिर्षकमा चर्को कर उठाउने गरेको भन्दै विभिन्न ठाउमा स्थानीयहरूले गुनासो गरेका छन्। शान्ति सुरक्षा र विकासको नारा दिने तर जनतालाई लुटने गरेको गुनासो आफुकँहा आउने गरेको नेकपाका स्थानीय नेता कार्यकर्ताहरू वताउछन्। यसैविच नेकपा सल्यानले जनताका विपक्षमा हुने कुनै खालका गतिविधि गर्ने, विकास निर्माणका नाममा अनियमितता र भ्रष्टाचार गर्नेहरूलाई जनकारवाही

... बाँकी पृष्ठ ७ मा

## संसदीय अन्तर्विरोध झन् गहिरिंदै

# पार्टीहरूभित्र विवादै विवाद

■ रातो खबर संवाददाता/काठमाडौं

प्रदेश र संघको चुनावका क्रममा देशलाई स्थायित्व, विकास र समृद्धि दिने नारा उरालेका संसदीय पार्टीहरू अहिले आफ्नै पार्टीभित्रको विवाद र अन्तरविरोधले जेलिँदै गएका छन् । ठीक यसैगरी वर्तमान संसदीय व्यवस्था एकपछि अर्को अन्तरविरोधहरूले जेलिँदै गएको छ।

संसदीय पार्टीहरू र यसका पक्षधरहरूले नेपालमा संविधानको घोषणा, त्यसको कार्यान्वयनको पहिलो र महत्वपूर्ण पक्ष विभिन्न तहका चुनाव पूरा भएपछि देशको विकास हुनेछ, देश समृद्धितिर जानेछ र देशमा स्थायित्व हुनेछ भन्ने प्रचार गरेका थिए। तर चुनाव सकिएर परिणाम आउँदै गर्दा वर्तमान राज्य व्यवस्था अन्तरविरोधै अन्तरविरोधले लपेटिँदै गएको छ।

संविधान २०७२ को घोषणासँगै यो व्यवस्थाभित्र नयाँ र जटिल अन्तरविरोधहरू सतहमा आएका छन् । संसदीय व्यवस्था विरोधी सच्चा जनवादी, राष्ट्रवादी, देशभक्त वामपन्थीका साथै, विभिन्न जाति/जनजातिहरूले लगातार




आन्दोलन गरिराखे । यी आन्दोलनमाथि दमन गर्दै संसद्वादीहरूको मिलेमतोमा संघको नयाँ संरचना बनाएर स्थानीय तहको चुनाव गराइयो । त्यसपछि संघ र प्रदेशको चुनाव भएको छ। यी चुनावहरूले संसदीय पार्टी र व्यवस्थामा नयाँ खालका जटिल अन्तरविरोधहरू देखा परेका छन्।

चुनावमा सर्मनाक हार व्यहोरेको पुरानो र घोर प्रतिक्रियावादी कांग्रेसले अहिलेसम्म सरकार छाडेको छैन। सरकारमा बसेर

... बाँकी पृष्ठ ७ मा

# विप्लवद्वारा पार्टीपंक्तिलाई निर्देशन

“ tLg dlxgfleq Aofks hghfu/0f kb{f u/

■ अम्बिका चन्द/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले देशब्यापीरुममा संचालन गर्न लागेको तिन महिने 'जनजागरण अभियान'को उदघाटन यही सोमवार गर्ने भएको छ । पार्टी केन्द्रीय समितिको यहि पौष अन्तिम साता बसेको बैठकले उक्त अभियानको योजना पारित गरेको थियो। तिन महिने उक्त अभियानको अवधिमा नेकपाले ब्यापक रूपमा संगठन विस्तार गर्ने भएको छ। अभियान अवधिमा पार्टीका केन्द्रीय नेताहरू पनि जिल्ला र गाउ स्तरका कार्यक्रमहरूमा सहभागी हुनेछन् ।

पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले तिन महिने अभियानको क्रममा ब्यापक जनताको विचमा पुग्न र जागरण पैदा गर्न सिंगो आन्तरिक पंक्तिलाई निर्देशन गरेका छन् । गएका दुईवटा निर्वाचन पछी आफनो पार्टी नयाँ उचाईमा उठेको मुल्याङ्क गर्दै विप्लवले आगामी तिन महिना मेची देखि महाकालीसम्म चल्ने अभियानलाई प्रभावकारी र भब्य बनाउदै पार्टीलाई नयाँ उचाई प्रदान गर्नुपर्ने वताएका छन्।

अभियानको क्रममा आफनो पार्टीले अघि सारेका राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवालहरूलाई जनतामा लैजाने नेकपाका स्थायी समिति सदस्य तथा सुदुरपश्चिम केन्द्रीय कमाण्ड इन्चार्ज धमेन्द्र वास्तोला 'कञ्चन'ले वताएका छन्। इतिहासमै राष्ट्रियता निकै कमजोर भएको बेला राष्ट्रियताको सवाल निकै गम्भिर बनेको वताउदै नेता कन्चनले तिन महिने अभियानपछि आफनो



पार्टीको आन्तरिक जीवनमा संगठनिकरूपले पनि माथि उठ्ने वताएका छन्।

अभियानको प्रचार प्रसारको अवधीमा नेकपाले काठमाण्डौं उपत्यकाको वातावरण निकै प्रदुषीत भएको र मानवजीवनमा प्रत्यक्ष असर गरिरहेको भन्दै यसको निराकरण गर्न जनजागरणका कार्यक्रम गर्ने

... बाँकी पृष्ठ ७ मा

## विवादित सीमाक्षेत्र

# दोक्लाममा फेरि तनाव



■ रातो खबर संवाददाता/काठमाडौं

परमाणु शक्ति सम्पन्न दुई ठुला एसियाली देश चीन र भारतबिच सिमा विवादको विषयलाई लिएर फेरि पनि तनाव उत्पन्न हुन थालेको छ । दुवै देश आन्तरिक रूपमा युद्धको तयारीमा रहेको विश्लेषणहरू हुन

... बाँकी पृष्ठ ७ मा

# शर्माको बिदाइ लोहनीको स्वागत



तस्विर : भीम चापागाईं

■ रातो खबर संवाददाता/काठमाडौं

रातो खबर प्रकाशन गृहको जिम्मेवारी गुणराज लोहनीले सम्हाल्ने निर्णयसँगै प्रकाशन गृहका निवर्तमान निर्देशक अनिल शर्मा 'विरही'लाई विदाई गरिएको छ। प्रकाशन गृह अर्न्तगत सञ्चालित रातो खबर साप्ताहिक र

... बाँकी पृष्ठ ७ मा

# राष्ट्रियताको चुनौती र आजको आवश्यकता

देश/परिवेश

■ विप्लव



राष्ट्रियता आफ्नो भूगोल, जनता, भाषा, संस्कृति र सभ्यताको केन्द्रीकृत रूप हो। यसमा राष्ट्रको पहिचान, स्वाभिमान र शक्ति मुखरित हुन्छ। राष्ट्रियता बलियो हुने देशको परिचय, स्वाभिमान र शक्ति बलियो हुन्छ। कमजोर भएमा सबै कुरा जीर्ण हुन्छन। तसर्थ, आफ्नो राष्ट्रियताको संरक्षण, संवर्द्धन र विकास गर्नु राष्ट्रका प्रत्येक नागरिकको प्रथम कर्तव्य र जिम्मेवारी हो। आफ्नो राष्ट्रियताप्रति जुन नागरिकहरू सचेत, सङ्गठित र सक्रिय हुँदैनन् या जुन नागरिकहरू आफ्नो राष्ट्रियताप्रति लापर्बाही हुन्छन्, अरूतिर लहसिन्छन् र फाइदाको निम्ति लेनदेन गर्दछन्, उनीहरूको राष्ट्रियता पनि बलियो हुँदैन।

### राष्ट्रियताको चुनौती

कुनै पनि देशको राष्ट्रियताको चुनौती दुई प्रकारले पैदा हुन्छ- बाह्य र आन्तरिक। बाह्य चुनौती भनेको देश बाहिरको शक्तिले गर्दा खडा हुने गर्दछ। खासगरी आफूभन्दा शक्तिशाली र आफू समानको राष्ट्रबाट यस्तो चुनौती आउने गर्दछ। यो आउँदा राजनीतिक, आर्थिक, सांस्कृतिक, सैन्य आदि क्षेत्रबाट प्रवेश गर्दछ । राजनीतिक रूपले शासन प्रणाली आफूअनुकूल निमार्ण गर्ने, आफ्ना प्रतिनिधिहरू खडा गर्ने, आफ्नैअनुकूलको प्रशासन र नीतिहरू तयार गरेर आउँछ। त्यसैगरी, आर्थिक रूपले राज्यको अर्थतन्त्रमा कब्जा जमाउने, आर्थिक स्रोत साधनमा पकड कायम गर्ने, उद्योग कलकारखाना नियन्त्रण गर्ने, व्यापारी क्षेत्रलाई नियन्त्रण गर्ने र सम्पूर्ण अर्थ उत्पादनलाइ प्रभावित पार्नेगरी पस्दछ। राष्ट्रियतामाथि अतिक्रमण सांस्कृतिक रूपले पनि सशक्त रूपले हुन सक्छ, आफ्नो अनुकूलको संस्कृति हुलेर, आफ्नो हैकम जमाउने र त्यसलाई स्थापित गर्न, नागरिकहरूमा विचलन ल्याउन यो प्रयोग हुन्छ। राष्ट्रियतामाथिको सबैभन्दा ठूलो खतरा त झन् सैन्य हस्तक्षेप हो। यो प्रत्यक्षतः राष्ट्रिय सुरक्षा नीति निर्माणमा आफ्नो हितमा बनाउने, सैन्यप्रशिक्षण र तालिम आफ्नो नियन्त्रणअन्तर्गत गराउने, सैन्यसामग्री र हातहतियार आफैंबाट नियन्त्रित गर्नेगरी आउँदछ।

राष्ट्रियतामा आन्तरिक रूपले चुनौती आउँदा निरङ्कुशता, फासिवाद, विखन्डन, विग्रह, साम्प्रदायिकता, क्षेत्रीयता आदिको रूपमा आउँदछ। केन्द्रीय राज्यसत्ताको निरङ्कुशता, फासिवादले नागरिकहरूको राजनीतिक, आर्थिक, सांस्कृतिक, आन्दोलन, प्रेस आदि स्वतन्त्रताहरूलाई हरण

बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# संघर्षलाई अझैं तीव्र बनाऔं

यतिबेला संसद्वादी, दलाल पुँजीवादी सत्ता चरम सङ्कटमा छ । संसदीय व्यवस्था स्थापना गर्ने र मुलुकमा राजनीतिक प्रतिक्रान्ति लाद्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय षड्यन्त्र पनि उत्कर्षमा छ । दलाल संसदीय व्यवस्था भत्किँदै गएको चिन्ताले बालुवाटार र सिंहदरवार मात्र होइन, उत्तरसाम्राज्यवादको केन्द्र वासिङ्टन र साम्राज्यवादको केन्द्र दिल्ली पनि छट्पटाएका छन् । केही दिनअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केपी ओलीलाई फोन गरेर आश्वासन दिनु यसको पछिल्लो एउटा उदाहरण हो । दिल्ली र वासिङ्टनको योजनामा टिकाउन खोजिएको दलाल संसद्वादी सत्ताको टेको आफैंमा मक्किइसकेको छ । आफैंमा मक्किइसकेको संसद्वादको टेकोले कति दिन भरथेग गर्न सक्ला !

नेपाल कम्युनिस्ट पार्टीको भर्खरै सम्पन्न केन्द्रीय समितिको बैठकले बदनाम र दलाल सत्ताको चिहानमा वैज्ञानिक समाजवादी सत्ता निर्माण गर्ने महत्वपूर्ण निर्णय गर्दै त्यसका लागि कार्यनीति र कार्यक्रमहरू पनि तय गरेको छ । काङ्ग्रेसको दलाल पुँजीवादी नीति तथा कार्यक्रम र एमाले-माके गठबन्धनको सामाजिक दलाल पुँजीवादी चरित्रको सूक्ष्म एवम् व्यापक संश्लेषण गर्दै बैठकले सारतः यी दुबै शक्ति देश, जनता, क्रान्ति र मुक्तिका लागि बाधक रहेकाले सबै किसिमका जनविरोधी तत्वहरूका विरुद्ध निर्मम सङ्घर्ष र क्रान्तिको प्रक्रियाबाट मात्र एकीकृत जनक्रान्ति सफल हुने र वैज्ञानिक समाजवाद स्थापना हुने संश्लेषण पनि बैठकले गरेको छ ।

कथित वामगठबन्धनको नाममा ध्रुवीकृत हुँदै गरेका माके-एमालेले आफूलाई कम्युनिस्ट र 'वाम' शक्तिका रूपमा जनमानसमा भ्रम फैलाइरहेका छन् । सिद्धान्त, नीति, कार्यक्रम कुनै पनि दृष्टिकोणबाट यी शक्ति सामाजिक दलाल पुँजीवादी शक्तिभन्दा पृथक छैनन् । आवरणमा कम्युनिस्ट र 'वाम' को खोल ओढे पनि सारमा यो शक्ति दलाल पुँजीवादी नै हो । नग्न दलाल पुँजीवादी शक्ति काङ्ग्रेस घोषित रूपमै मुक्तिकामी नेपाली जनताको दुस्मन शक्ति हो भने क्रान्तिलाई धोका दिँदै आएका माके-एमाले पनि सारमा प्रतिक्रान्तिकारी र प्रतिक्रियावादी शक्ति नै हुन् । काङ्ग्रेस औपचारिक रूपमा सरकारबाट बाहिरिएपछि जनताले प्रतिक्रियावादी शक्तिका रूपमा काङ्ग्रेस-राप्रपालगायत पुरातनपन्थी शक्ति र आवरणमा हँसिया-हथौडा बोकेर जनतामा प्रतिक्रान्ति लाद्ने र दलाल पुँजीवादी सत्ता कायम गर्ने योजना तथा षड्यन्त्रमा लागेको यही सामाजिक दलाल पुँजीवादी शक्ति र सत्तासँग आमनेसामने हुने निश्चित छ । दलाल संसदीय व्यवस्थाको खारेजीका लागि हालै भएका सङ्घर्ष र बलप्रयोगका पहलकदमीहरू सही र प्रभावशाली भएको पार्टीको संश्लेषण छ । यही कदमलाई अझैं प्रभावकारी रूपमा अघि बढाएर र जनसत्ता सुदृढ पारेर नै एकीकृत जनक्रान्ति सफल हुनेमा दुईमत छैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– **रातो खबर साप्ताहिक**

# कस्तो समाजवाद ?



गुणराज लोहनी

*"सामन्ती पुँजीवादको स्थान निगम पुँजीवादले लिएको छ । एक्काइसौँ शताब्दीको दोस्रो दशकसँगै निगम पुँजीवाद पनि संकटमा पर्दै गएको छ । लाग्छ, फेरि एकपटक कुनै नामका पुँजीवादको खैरियत छैन । नेपालको सन्दर्भमा पनि कुनै पनि नामको संसदीय व्यवस्था जुन अहिले दलाल पुँजीवादी छ, त्यो पनि संकटग्रस्त भइरहेको छ । तर पनि यहाँका दलाल पुँजीपतिहरू यसलाई टिकाइराख्न चाहन्छन् ।*

**विषय प्रवेश**

संविधान २०७२ को प्रस्तावनामा समाजवादतिर उन्मुख राज्यप्रणाली बनाउने उल्लेख गरिएको छ । नेपालको वर्तमान संसदीय राज्यप्रणालीलाई स्वीकार गर्ने प्रायः सबै राजनीतिक दलहरूले समाजवादको कुरा गरिराखेका छन् । गएका स्थानीय, प्रदेश र संघको चुनावमा उनीहरूले समाजवाद लागू गर्ने नारा दिएका थिए । यसरी समाजवादका कुरा गर्ने नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र मात्र नभएर घोषित राजावादी अथवा पूर्वपञ्च, मधेसवादी दलहरू पनि रहेका छन् । उनीहरूले अहिले रहेको दलाल पुँजीवादी संसदीय व्यवस्थाअन्तर्गत नै समाजवाद लागू गर्न सकिन्छ भन्ने भ्रम दिइरहेका छन् । त्यसमा पनि पूर्व-कम्युनिस्टहरू एमाले र माओवादी केन्द्र जसले विगतमा नयाँ जनवादी व्यवस्थाको स्थापना गरेर समाजवाद हुँदै साम्यवादसम्म पुग्ने भनी सशस्त्र संघर्षको नेतृत्व गरेका थिए, उनीहरूले अहिले वर्गसंघर्षबिना यही व्यवस्थाअन्तर्गत नै समाजवाद लागू गर्न सकिने भनिरहेका छन् ।

नेपालमा सञ्चालित जनयुद्धले यहाँको परम्परागत समान्तवादको अन्त गरिदियो तर जनयुद्धलाई नयाँ जनवादी व्यवस्था स्थापनासम्म नपुऱ्याएर तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का मुख्य नेताहरू प्रचण्ड र बाबुरामद्वारा स्थगन गरेर पुरानै संसदीय व्यवस्थालाई स्वीकार गरियो तब सामन्तवादी संसदीय राज्यव्यवस्थाको स्थान दलाल पुँजीवादी संसदीय व्यवस्था स्थापना हुन पुगेको थियो । यसरी दलाल संसदीय पुँजीवादी राज्यप्रणालीअन्तर्गत स्थापना गर्न लागिएको भनिएको समाजवाद कार्ल मार्क्सका अनुसार "निम्न पुँजीवादी समाजवाद१" अहिलेको परिवेशमा दलाल पुँजीवादी समाजवाद हुन जानेछ । जसरी मार्क्सका समयमा विभिन्न खाले समाजवादको हौवा फिजाएर वैज्ञानिक समाजवादलाई भ्रमित गरिएको थियो, त्यसैगरी अहिले पनि नेपालका सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले यो दलाल पुँजीवाद राज्यप्रणालीका विकल्पमा वर्गसंघर्षका माध्यमद्वारा स्थापना गर्न क्रान्तिलाई प्रभावित पार्ने गरी संसद्वादी पार्टीहरूले भ्रम छरिराखेका छन् । उनीहरूको यो कार्यले एकातिर वास्तविक समाजवाद स्थापनामाथि रोकावट मात्र होइन कि जनतामा कुनै किसिमको वर्गसंघर्ष, बल प्रयोग क्रान्तिबिना समाजवाद लागू गर्न सकिन्छ भन्ने भ्रम सिर्जना गर्न सक्दछ । त्यसैले संसदीय दलहरू त्यसमा पनि पूर्व कम्युनिस्टहरूका यस्ता रवैयाको समयमा नै चिरफार गर्न जरुरी छ ।

**मार्क्सअघि समाजवादको बहस**

कार्ल मार्क्स र एंगेल्सद्वारा कम्युनिस्ट घोषणापत्र जारी गर्नुअघि पनि समाजवादको बहस भएको थियो । पुँजीवादको विकास हुँदै गर्दा जब मजदुरमाथि शोषण र दमनको प्रकृति उजागर हुन थाल्यो र मजदुरहरू आन्दोलित हुन थाले अनि पुँजीवादको स्थान समाजवादले लिनुपर्छ भन्ने खोज हुन थालेको थियो । सोह्रौं शताब्दीमा बेलायतका राजनीतिज्ञ तथा मानवतावादी लेखक थोमस मुर (सन् १४८८-१५३८) ले 'दुखी जनताको हितमा' भनेर नयाँ समाजको परिकल्पना गरेका थिए । यस सन्दर्भमा सन् १५१६ मा उनको 'युटोपिटा' नामक किताब नै प्रकाशित भएको थियो । यसरी थोमस मुरलाई समाजवादको परिकल्पना गर्ने पहिलो व्यक्ति मानिन्छ । त्यसपछि क्लाउद हेनरी कोमेनेडे (सन् १७६०-१८२५) जो सेन्ट साइमनका नामले प्रख्यात छन्, उनले समाजवादको व्याख्या गरेर 'उद्योग', 'औद्योगिक व्यवस्था', 'उद्योगपतिको आलोचना' र ' नयाँ किस्तानवाद' जस्ता पुस्तकहरू नै तयार पारेका थिए । साइनमले मृत्युशैयाबाट मे १९, १८२५ मा "छिट्टै मजदुर पार्टी बन्नेछ र भविष्य त्यही पार्टीको हुनेछ" भनेका थिए । चार्ल्स फुरिये (सन् १७७२-१८३७) ले निजी सम्पत्तिको उन्मूलन भएको समतामूलक समाजसहितको ' फालेक्स' को परिकल्पना गरेका थिए । उनले आफ्नो जीवनकालमा 'द थ्योरी अफ फोर मुभमेन्टस् एन्ड जनरल डेस्टिनिज', द थ्योरी अफ युनिभर्सल युनिटी, द न्यु एन्ड युस्टियल सोसियल वर्ल्ड रचना गरेका थिए । रोर्बट ओवेन (सन् ११७७१-१८५८) लाई काल्पनिक समाजवादका विचारक मानिन्छ । उनले अ न्यु भ्यु अफ सोसाइटी, द बुक अफ द मोरल वर्ल्ड, ह्वाट इज सोसलिजमजस्ता पुस्तक मात्र प्रकाशित गरेनन् कि आफैंले कम्युन पनि निर्माण गरेका थिए ।

यी काल्पनिक समाजवादीहरू थिए । यिनीहरूले परिकल्पना गरेको समाजवाद सम्भव थिएन तर यिनीहरू इमानदार थिए । इमानदारिताका साथ खोज गरेको र कार्यान्वयन गरेकाले उनीहरूबाट वैज्ञानिक समाजवादका सिद्धान्तहरू प्रतिपादन गर्न महत्वपूर्ण योगदान भएको स्वयं मार्क्स र एंगेल्सले स्वीकार गर्नुभएको थियो । यसरी काल्पनिक समाजवादीहरूले वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व, क्रान्ति र वैज्ञानिक समाजवादी व्यवस्थाको सिद्धान्त प्रतिपादन गर्ने र साम्यवादको जग स्थापना गर्ने प्रश्नमा मार्क्स र एंगेल्सलाई वैचारिक स्रोतको भूमिका निर्वाह गरेका थिए ।

थोमस मुर (सन् १४८८-१५३८) देखि जिन जोसेफ चार्ल्स लुई ब्लाङ्क (सन् १८१३-१८८३) सम्मका काल्पनिक समाजवादीहरूपछि मार्क्स-एंगेल्सले वैज्ञानिक समाजवादको प्रतिपादन गरिसकेपछि विभिन्न खाले समाजवादका कुराहरू सार्वजनिक भएका थिए । पुँजीवादको विकल्प समाजवाद हुने पुष्टि भइसकेपछि वैज्ञानिक समाजवादका विरुद्ध विभिन्न खाले भ्रमपूर्ण समाजवादहरू योजनाबद्ध प्रक्षेपण गरिएको थियो । भ्रम नै भ्रमले भरिएका समाजवादहरू आउन थालेपछि मार्क्स, एंगेल्सले कम्युनिस्ट घोषणापत्रमा नै ती भ्रमपूर्ण समाजवादको चित्रण गर्नुभएको थियो ।

**कस्ता–कस्ता समाजवाद**

मार्क्स-एंगेल्सद्वारा कम्युनिस्ट घोषणा तयार गर्दैगर्दासम्म सतहमा देखिएका विभिन्न खाले 'समाजवाद' चित्रण गर्दै तिनीहरूको चरित्रको पनि उजागार गर्नुभएको थियो । उहाँहरूले वैज्ञानिक समाजवादबाहेक अन्य प्रतिक्रियावादी, संशोधनवादी 'समाजवाद' हरूको उल्लेख गर्नुभएको थियो । उहाँहरूले प्रतिक्रियावादी समाजवादअन्तर्गत सामन्तवादी समाजवाद र निम्न-पुँजीवादी समाजवादमा वर्गीकरण गर्नुभएको थियो । त्यसैगरी, जर्मन वा 'सच्चा' समाजवाद र अनुदारवादी वा पुँजीवादी समाजवादको पनि उल्लेख गर्नुभएको छ । यी विभिन्न खाले समाजवादहरूलाई उहाँहरूले तत्काल र त्यसपूर्व भएका अभ्यास र बहसहरूलाई आधार बनाउनुभएको थियो । अक्टोबर क्रान्ति सफल भएपछि स्थापना भएको वैज्ञानिक समाजवादपश्चात् समाजवाद स्थापनाको लहर नै चलेको थियो । चीनमा दीर्घकालीन जनयुद्धमार्फत् नयाँ जनवादको स्थापनापश्चात् समाजवादको घोषणासँगै विश्वको एक तिहाइ भू-भागमा समाजवाद स्थापना भएको थियो । यसरी वास्तविक समाजवादले पुँजीवादी साम्राज्यावादलाई लपेट्दै गएको थियो । त्यसपछि नक्कली समाजवाद पनि देखिन थाले । त्यस समयमा विश्वका कुनै पनि देशमा समाजवादभन्दा बाहिरको राजनीति बेकम्माजस्तै हुन पुगेको थियो । घोर प्रतिक्रियावादी सत्ताधारीहरूले आफूलाई टिकाउन समाजवादको नारा दिन थाले । सत्तामा पुग्नका लागि पनि समाजवाद नै भन्नुपर्ने भयो । त्यसैले हिटलरले नाजीवादी क्रूर शासन सञ्चालन गर्नका लागि समाजवादका नारा दिएका थिए । भारतमा भगतसिंहले सुरुआत गरेको समाजवादी क्रान्तिका विरुद्ध गान्धी-नेहरूहरूले समाजवादको नारा दिएका थिए । कट्टर मुस्लिम देशहरूमा पनि समाजवाद भन्ने गरिएको थियो । यहाँसम्म कि पाकिस्तानमा जुल्फीकर अलि भुट्टोले समाजवादको भ्रम दिएर मुस्लिम राज्यको मान्यता लिएका थिए ।

*अक्टोबर क्रान्ति सफल भएपछि स्थापना भएको वैज्ञानिक समाजवादपश्चात् समाजवाद स्थापनाको लहर नै चलेको थियो । चीनमा दीर्घकालीन जनयुद्धमार्फत् नयाँ जनवादको स्थापनापश्चात् समाजवादको घोषणासँगै विश्वको एक तिहाइ भू-भागमा समाजवाद स्थापना भएको थियो । यसरी वास्तविक समाजवादले पुँजीवादी साम्राज्यावादलाई लपेट्दै गएको थियो । त्यसपछि नक्कली समाजवाद पनि देखिन थाले ।*

**नेपालमा भ्रमपूर्ण समाजवाद**

युरोप र पूर्वी एसियामा नाम मात्रको समाजवादी सत्ताहरू ढलेपछि सन् १९९० को दशकमा फ्रान्सिस फुकुयामाहरूले 'समाजवादको अन्त्य भएको', 'इतिहासको अन्त्य भएको' डङ्का पिटाएका थिए । समाजवाद ढलेकोमा विश्वभरि पुँजीवादीहरूले विजयोत्सव मनाइरहेका थिए । उनीहरूले नवउदारवादको वकालत गरिराखेका थिए । तर नेपालमा भने क्रान्तिकारी कम्युनिस्ट आन्दोलनले पकड जमाउँदै थियो । वैज्ञानिक समाजवादको प्रचार-प्रसारले तीब्रता लिएको थियो । भर्खरै स्थापना भएको सामन्ती संसदीय व्यवस्थाका भ्रमहरूलाई चिर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने हेतुले जनयुद्धको उद्घोष सन् १९९६ मा भएको थियो । त्यसबखत पनि विश्वमा समाजवादी आन्दोलन अत्यन्त रक्षात्मक थियो । विश्वभरि साम्राज्यवादी पुँजीवादको एकलौटी बोलवाला थियो । एकल ध्रुवीय अमेरिकी साम्राज्यवादको हैकम चलेको थियो । नेपालमा जनयुद्धको विकाससँगै सामन्तवादी पुँजीवादको अन्त्येष्टि नै हुन पुग्यो भने आन्तरिक र बाह्य अन्तर्विरोधहरूका कारण साम्राज्यवादी पुँजीवाद संकटमा पर्दै गयो । उनीहरूबीचको अन्तर्विरोध अहिले चरम छ । अहिले नेपालमा राजतन्त्रको अन्त भएको छ । सामन्ती पुँजीवादको स्थान निगम पुँजीवादले लिएको छ । एक्काइसौँ शताब्दीको दोस्रो दशकसँगै निगम पुँजीवाद पनि संकटमा पर्दै गएको छ । लाग्छ, फेरि एकपटक कुनै नामका पुँजीवादको खैरियत छैन । नेपालको सन्दर्भमा पनि कुनै पनि नामको संसदीय व्यवस्था जुन अहिले दलाल पुँजीवादी छ, त्यो पनि संकटग्रस्त भइरहेको छ । तर पनि यहाँका दलाल पुँजीपतिहरू यसलाई टिकाइराख्न चाहन्छन् । प्रजातन्त्रको नाममा विगतका संसदीय व्यवस्थाअन्तर्गतका उदार पुँजीवाद, नवउदार पुँजीवाद वा कुनै पनि नामको पुँजीवादलाई भजाएर नेपाली जनतामाथि शासन गर्ने, शोषण, दमन र उत्पीडन थोपर्ने सम्भावना अन्त्य भएको छ । नेपालको यस्तो परिस्थितिमा यहाँका घोर प्रतिक्रियावादी, अनुदारवादी पुँजीवादी र सामाजिक दलाल पुँजीवादीहरूले राजनीति गर्न समाजवाद जप्नुपर्ने बाध्यता भएको छ ।

त्यसैले उनीहरू सबैले समाजवादोन्मुख संविधान र राज्यप्रणाली स्थापना गर्ने नारा दिइरहेका छन् । यो उनीहरूको बाध्यता नै हो तर उनीहरूले भन्दै गरेको समाजवाद वैज्ञानिक समाजवाद नभएर उनीहरूले पुरानै राज्यप्रणाली टिकाइराख्न वा पुरानै व्यवस्थामा फर्काउनका लागि दिएको भ्रम मात्रै हो । उनीहरूले भनिरहेको समाजवादलाई मार्क्स-एंगेल्सले कम्युनिस्ट घोषणापत्रमा चित्रित गरिसक्नुभएको छ । उनीहरूको समाजवादलाई पनि सामन्तवादी समाजवाद, जर्मन 'सच्चा' समाजवाद र निम्न-पुँजीवादी (अहिले सामाजिक दलाल पुँजीवादी) समाजवादमा वर्गीकृत गर्न सकिन्छ । त्यसैले अहिले सबै संसद्वादीहरूले समाजवादको नाममा भ्रमको खेती गरिहेका छन् । उनीहरूको यो भ्रमपूर्ण खेतीलाई सखाप पारेर वैज्ञानिक समाजवाद लागू गर्नुपर्छ । क्रमशः

# विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी हाम्रो मित्र शक्ति हो



तस्विर : भीम चापागाईं

*(नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' सँग वर्तमान नेपाली राजनीतिक परिस्थिति, नेपालको क्रान्तिकारी आन्दोलन र क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका बीचको एकताका सन्दर्भमा रातो खबर प्रकाशन गृहका निर्देशक गुणराज लोहनी र प्रवन्ध निर्देशक भीमप्रसाद चापाईंद्वारा लिइएको अन्तर्वार्ताका मुख्य अंशहरू प्रस्तुत गरिएको छ ।)*

## मोहन वैद्य 'किरण'

महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)

➲ ***संविधानसभाबाट घोषणा गरिएको संविधानको विरोध गर्दागर्दै पनि संसदीय व्यवस्थाको कार्यान्वियन गर्न भन्दै स्थानीय तह, प्रतिनिधि र प्रदेशसभाको चुनाव गराइयो । यी परिघटनाहरूलाई कसरी कसरी हेर्नुभएको छ ?***

जुन संविधान बन्यो, त्यो संविधान पश्चगामी संविधान नै हो भन्ने कुरा हामीले भन्दै आएका छौं । पुरानो संसदीय व्यवस्थाको ठाउँमा त्यही संसदीय व्यवस्था आयो । १९ दिने जनआन्दोलन १० वर्षको महान् जनयुद्ध अब यो प्रक्रियामा जनताले जुन आशा अपेक्षा गरेको हो, नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नु खोजेको हो र त्यो हुन सकेन । एउटा गम्भीर विश्वासघात भयो । अहिले पुरानै व्यवस्था कायम भएको छ । अब त्यसैमा भनौं, त्यसै व्यवस्थाअन्तर्गतका स्थानीय चुनाव, प्रदेशसभा र प्रतिनिधिसभाका चुनावहरू पनि भइसके । यो प्रक्रिया त्यही परानो पश्चगामी राज्यसत्तालाई अझै बलियो बनाउन दिशातिर स्थापित गर्ने दिशातिर गइराखेको छ । अब हामी यसलाई कसरी हेर्न भन्दाखेरि यसलाई यो व्यवस्थाका विरुद्ध, यो सत्ताका विरुद्ध अब फेरि पनि क्रान्तिको तयारी गर्नुपर्छ नयाँ जनावादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशामा जानुपर्छ भनेर सोचेका छौं । मूल कुरा त्यही हो ।

➲ ***जनयुद्ध तपाईंहरूले जस्तो खालको अवधाराणा बनाउनुभएको थियो, जनयुद्धको विकाससँगै यहीं पुगिन्छ भन्ने त पक्कै होइन होला ? त्यस समयमा पनि प्रचण्ड नै प्रमुख नेता थिए । जनयुद्धका सुप्रिम कमान्डरसम्म बन्न पुगेका अहिले प्रचण्ड जहाँ पुगे, त्यसको पछाडि मख्य कारण के होला ?***

मूलभूत रूपमा भन्दा उनमा विद्यमान निम्न पुँजीवादी मानसिकता हो । निम्न पुँजीवादी मानसिकताले कुनै खास बेलामा चाहिँ क्रान्तिप्रति आए पनि अर्को अवस्थामा प्रतिक्रान्तितिर डोऱ्याउँछ । त्यसकारण उनमा निम्न पुँजीवादी विचारधारा वा निम्न पुँजीवादी मानसिकता त्यो हो । दोस्रो, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा यस्तो हुँदै आइरहेको पनि छ । यो वर्गीय रूपमा भने मैले अब ठ्याक्कै वैचारिक रूपमा भन्दाखेरि संशोधनवाद हो । सबै प्रकारको दक्षिणपन्थी अवसरवादी विचरण हो । तेस्रो कुरा, कम्युनिस्ट नेताहरूलाई भन्नुस्, त्यसप्रकारको निम्न पुँजीवादी मानसिकताबाट त्यसप्रकारको संशोधनवादी चिन्तनबाट फाइदा उठाएर एउटा साम्राज्यवादी विसर्जणवादी शक्तिहरूले पनि के गर्छ भन्दाखेरि एउटा कित्ता परिवर्तनका निम्ति आधर प्रदान गर्ने गर्छन् । तर पनि मुख्य त के हो भने उनीहरूमा एउटा आन्तरिक कमजोरी आन्तरिक विचलन नै हो ।

➲ ***अब अहिले चुनावी परिणाम जे आयो र त्यो परिणामले एक किसिमले सो घोषित वाम पार्टीहरू मूलत: केपी ओली, प्रचण्ड टोली सरकारमा जाँदैछन् । क्रान्तिकारीहरूले यो परिघटनालाई अर्थात् केही समयपछि सरकार पनि बनि हाल्ला हैन अथवा सरकार बन्यो भने त्यसलाई कसरी हेर्ने र अहिलेको यो वाम गठबन्धन भनेर वाम एकताको कुरा पनि आइरा'छ, यो दुई कुरालाई कसरी हेर्दा ठीक हुन्छ ?***

चुनावी परिणामको कुरा गर्दाखेरि कस्तो लाग्छ भन्नुहुन्छ भने नेपाली जनता कांग्रेसबाट पनि सन्तुस्ट होइन, अरू राप्रपाहरूबाट पनि सन्तुस्ट होइन । एउटा परिवर्तन जनताले परिवर्तन चाहाने र अहिले जुन वाम-गठबन्धन बन्यो, वाम-गठबन्धन बनिसकेपछि जनतामा के पऱ्यो भने बरु वाम नै हो भन्ने पऱ्यो अथवा जनता भ्रमित भए । जनताले अर्को विकल्प जनताले त्यस्तो देखेननन् । त्यसकारण मत वाम-गठबन्धनको पक्षमा गयो । गए पनि जनताले एउटा कम्युनिस्ट भनेर मत हालेका हुन् । त्यसकारण जनतालाई हामी नकरात्मक रूपमा हेर्न हुँदैन । र, उनीहरूले अहिले खास परिवेशमा भ्रम दिन सफल भए । अर्को कुरा के हो त्यसको विकल्पको रूपमा जुन वैकल्पिक क्रान्तिकारी शक्ति अगाडि बढ्नुपर्ने थियो । त्यो वैकल्पिक शक्ति टुटफुट विभाजन आदिको कारणले गर्दाखेरि अगाडि बढ्न सकेन फेरि १० वर्ष महान् जनयुद्धको प्रक्रियामा गइसकेपछि हाम्रोमा कस्तो भयो भन्नुहुन्छ भने अब विचित्र छ के जनयुद्धको जुन नेता छ अथवा क्रान्तिको नेता छ र प्रतिक्रान्तिकारीको नेता पनि उही बन्न पुग्यो, यो जनतालाई बुझिसाध्य भएन । यसले गर्दाखेरि जनतामा भ्रम पर्न गयो । यस्तो जटिल परिस्थितिमा त्यतापट्टि जनताले किन मत हाले । यो वाम बनेर होइन वा वाम-गठबन्धन होइन । यो एउटा घोर दक्षिणपन्थी-असवसरवादी गठबन्धन हो । यो प्रतिगमनमा गइसकेको छ । बजारको दृष्टिकोणले हेरे पनि विचारको दृष्टिकोणले हेर्नुभयो भने पनि अब कांग्रेस र यिनीहरूमा फरक के छ ? संसदीय व्यवस्था साथ दियो भने त्यही हो । साथ पनि त्यही हो गन्तव्य पनि त्यही हो । समाजवाद भनेर भन्छन्, अब समाजवाद त त्यही संविधानमा लेखेको छ भन्छन् । समाजवादका त के विभिन्न परिभाषा छन् । कम्युनिस्ट घोषणापत्र पढ्ने हो भने त समाजवाद त प्रतिक्रियावादी समाजवाद पनि हुन्छ भनेर मार्क्सले भनेकै कुरा हो । वैज्ञानिक समाजवाद होइन भनेर भन्नु त्यो त समाजवाद कांग्रेसले पनि भनिररहेकै छ । मात्रमा परक कुरा हो अलि-अलि मात्रामा परक हुन्छन् तर गुणमा के हो भने प्रतिक्रियावादी राज्यसत्ता, प्रतिक्रियावादी व्यवस्था र प्रतिक्रायावादी विचारधारा यी सबैको संरक्षण गर्ने थलोका रूपमा नेपाली कांग्रेस र अहिलेको वामभित्रका केही छैनन् । विचित्र कुरा के भन्नुहुन्छ भने एउटा कम्युनिस्ट भन्ने द्वन्द्वात्मक भौतिकवाद मान्छौं भन्ने बहुलवाद पनि स्वीकार गर्ने एमाले त थियो नै । त्यसको प्रचण्डजी र हामीसँगै विरोध गरेकै हो । उनीहरूलाई थाहा नभएको कुरा त होइन । सब परिघटना थाहा भईभई बुझीबुझी एउटा वर्गीय रूपमा पनि राष्ट्रिय रूपमा पनि हरेक दृष्टिकोणले पनि यो आत्मसमर्पणको कुराहरू हो । यो कुनै गठबन्धन नै होइन ।

➲ ***अब एमाले-माओवादी केन्द्रको सरकारमा बन्ला । उनीहरूको सरकारोहणले जनतामा वाम सरकार भ्रम पर्छ । सञ्चार-माध्यमले पनि त्यही रूपमा प्रचार गरिरहेका छन् । तर, परिस्थिति जटिल र नाजुक बन्दै गइरहेको छ । यस्तो अवस्थामा यहाँहरूले कसरी सोच्नुभएको छ ?***

यिनीहरूको जुन वाम-गठबन्धन बनेको छ, त्यसले जनतालाई भ्रमित पारेको छ । यो क्रान्तिकारीहरूलाई चुनौती त हो किनभने कम्युनिस्टको नाममा बदमासी गरिराख्या'छन्, जनतालाई झुक्याइराख्या'छन् तर पनि जुन विकास, समृद्धि र स्थीरता आशा जनतामा बाँडेका छन्, त्यो वाहियात हो । जुन सक्दैनन् जुन खालको सम्भव छैन । उनीहरूले विकास गर्नका निम्ति त नोकरशाही पुँजीपति, दलाल पुँजीवादको विरुद्ध नै लड्नुपऱ्यो, एउटा नवउदारवादको विरुद्ध नै लड्नुपऱ्यो । यहाँ वैदेशिक प्रतिक्रियावादीहरूसँग गरिएका थुपै असमान सन्धि-सम्झौता खारेज गर्नुपऱ्यो, जनजीविकाको प्रश्नप्रति जनताको जनतन्त्रप्रति एउटा सकरात्मक बाढी जानुपऱ्यो, त्यो सम्भव छैन । त्यसकारण उनीहरूले जनताको समस्या हल गर्न सक्दैनन् । उनीहरूको बीचमा फेरि अन्तर्विरोधहरू चर्किंदै जान्छ । सत्ताधारीवर्गका बीचमा नेपालमा लामो समयदेखि एउटा अन्तर्विरोध भइराखेको छ । उनीहरू पनि एक-आपसमा लडिराखेका छन् । त यिनीहरू लड्दै आएका छन् । अहिले पनि लड्छन्, भोलि पनि लड्छन् । क्रान्तिकारीहरूका लागि मैदान खालि हुन्छ । यो स्थितिमा क्रान्तिकारीहरूले वैचारिक रूपमा, सांगठनिक रूपमा र राजनीतिक रूपमा सुदृढ हुँदै फेरि एउटा क्रान्तिको निम्ति एउटा आधार तयार पार्ने गर्नुपर्छ । छोटोमा भन्नुपर्दा नयाँ जनवादी सम्पन्न गर्दै वैज्ञानिक समाजवादीतिर जाने एउटा प्रक्रियालाई व्यवस्थित ढंगले अगाडि बढाउनुपर्छ । वैचारिक-राजनीतिक रूपमा यही भइहाल्यो । सांगठनिक रूपमा भन्नुपर्दाखेरि सच्चा क्रान्तिकारीहरूलाई गोलबन्द गर्नुपर्छ भनेर भन्नुस् । अब यो वाम गठबन्धनले धेरै भ्रम दिइराखेको छ । यी दक्षिणपन्थी अवसरवादी हुन् । यी एउटा अर्को कित्तातिर गइसके । क्रान्तिकारी शक्तिहरू एकताबद्ध भएर जानुपर्छ भन्ने नै हो । त्यसकारणले हाम्रो प्रयास हाम्रो पार्टीको तर्फबाट लामो समयदेखि एउटा प्रयास गर्दै आइरहेका छौं । भर्खरै हाम्रो राष्ट्रिय सम्मेलन पनि सम्पन्न भयो । केन्द्रीय समितिको बैठक पनि भयो र हामीले नजिकका फोर्सहरू खास गरी नयाँ जनवाद हुँदै समाजवादमा जान चाहने मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने राख्ने शक्तिहरूलाई एकताबद्ध गर्ने दिशातिर जानुपर्छ । संगठनलाई बलियो बनाएर फेरि क्रान्तिको तयारीको दिशातिर दृढतापूर्व लाग्नुपर्छ । सानो-तिनो विषय जनताको तत्कालीन जनजीविका प्रश्नहरू, राष्ट्रियताको प्रश्नहरूलाई लिएर पनि जे-जस्तो सकिन्छ, संघर्षको विकास गर्दै ठूलो संघर्षको विकासको आधार तयार पार्दै जानुपर्छ ।

➲ ***वामको एमाले र माओवादी केन्द्र दुई पार्टी एकता गर्दैछन् भन्ने छ अथवा के हुन्छ थाहा छैन, त्यो भन्न सकिन्न होला । यतातिर तपाईंहरूले अघि भन्नुभएजस्तै सञ्चार-माध्यममा पनि आइरा'छ र पहल पनि भइराखेको छ भन्ने छ । मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने नयाँ जनवादी क्रान्ति सम्पन्न हुँदै वैज्ञानिक समाजवादमा जाने भन्नुभयो । अहिलेको परिवेशमा त्यसका आधारहरू के-के हुन र को-कोसँग सम्भावना छ ? नेपालमा भएको वामपन्थी शक्तिहरू र कम्युनिस्ट पार्टीको कुन-कुनसँग एकताको सम्भावना छ ?***

एकता आधार मोटामोटी रूपमा एउटा त राजनीतिक रूपमा नयाँ जनवाद भइहाल्यो । बल प्रयोग या कसरी जाने भन्ने कुरा भइहाल्यो । विचार मार्क्सवाद-लनिनवाद-माओवाद र माओविचार मान्नेहरूसँग पनि कुराकानी चल्नुपर्छ भन्ने नै छ । हाम्रो कुराकानी चलाउने आधार यही हो, मोटामोटी रूपमा तर फेरि हामीले यसलाई एकदम सङ्कीर्ण बनाएर जाने पक्षमा छैनौं । अब अलिकति नजिकका शक्तिसँग बसेर कुराकानी गरेर कसरी जाने भन्ने सोचमा पनि छौं । हाम्रो दृष्टिकोणमा के लाग्छ भने अहिले हेर्दाखेरि हामीसँगै लड्दै आएको कमरेड विप्लवले नेतृत्व गर्नुभएको नेकपा नै हाम्रो सबभन्दा नजिकको शक्ति त्यही हो । कट्टेलजीलाई पनि हामीले नजिकबाटै हेरिरहेका छौं । मोहनविक्रम सिंहसँग पनि मिहिनेत गर्नुपर्छ, उहाँसँग प्रयास गर्नुपर्छ । यसमा त बसेर अलिकति सरसल्लाह गरौं, के-के कसरी भन्ने हिसाबमा गइसकेपछि धेरै कुरा मिल्दै जान्छन् ।

➲ ***कति प्रक्रिया कहाँसम्म पुग्यो ?***

प्रक्रियामा भन्नुपर्दा प्रक्रियाको रूपमा अब हामी बीचमा अलिअलि संवाद गर्दै आइरहेका छौं । अब हामी वार्तासमिति बनाएर वार्तामा जाने हो । हामी वार्ता समिति बनाउछौं । अब हामी बहुपक्ष बस्दैनौं, अहिले बहुपक्ष बस्ने कुरा हुन्न, दुई पक्ष बस्छौं । दुईपक्ष कुराकानी गर्दै प्रगति कस्तो हुन्छ, ती चीजहरू हेर्दै अगाडि बढ्ने हुन्छ । त्यसकारणले हामी वार्तासंवादको प्रक्रियालाई हामी अगाडि बढाउछौं । कुराकानी त भएकै छन् । अब अर्को चरणको अलिकति सैद्धान्तिक, राजनीतिक विषय र रणनीति र कार्यनीतिजस्ता विषयमा पनि आवश्यक छलफल चलाउँदै हामी कसरी एकता गर्न सकिन्छ त भन्ने दिशातिर हामी सकरात्मक ढंगले जान चाहन्छौं । समस्या आइपऱ्यो भने कसरी समस्याको समाधान गर्ने भन्ने सोच्नुपर्ला । सकरात्मक तरिकाले हामी जान्छौं ।

➲ ***ठीक छ, अहिले के हो भन्दाखेरि जनताको पनि अपेक्षा छ क्रान्तिकारी एक होऊन् भन्ने छ दुई ओटा समस्या जटिल भएर आएको छ नेपालको अहिले देखेको छ, चुनावपछि को जे बनेको छ राष्ट्रियता असाध्यै बढी खतरामा पर्ने र अर्को वामको नाममा भ्रम सिर्जना हुने यी दुईओटा कुराहरू छन् । यस्ता विषयमा कुनै छलफल भएको छैन, अहिले तत्कालै यो यो गरौं भनेर हुन्छ नि । पार्टी एकता प्रक्रिया त भइहाल्यो लामै लाग्ला । तत्कालका एजेन्डाहरू लिएर मूल रूपमा एउटा वाम नै सरकारमा छ, त्यसको भण्डाफोर भइहाल्यो हैन । अर्को राष्ट्रियता, जनजीविकाका प्रश्न आइरहेका छन् । भर्खरै मात्र वीरगंजको ५० विगाहा जमिन भारतले कब्जा गरेको छ । महंगीको प्रसंगहरू छन् । यसमा अलिकति सहकार्य गरेको जस्तो देखिएन, यसमा त्यस्तो केही छलफल भइरहेका छ कि छैन ?***

हामी विप्लवजीकै कुरा गर्ने हो भने उहाँहरूसँगै बसेर हामी एउटा योभन्दा अगाडि प्रेस विज्ञप्ति निकालेका छौं । त्यसमा जनयुद्ध दिवस, सहिद-सप्ताह, जनआन्दोलन दिवसलगायत दिवसहरू हामीले संयुक्त मानौं भन्ने हाम्रो यो समझदारी भइसकेको छ । राष्ट्रिय स्वाधीनताको पक्षमा संयुक्त कार्यक्रमहरू बनाऔं भन्ने हाम्रो समझदारी भइसकेको छ । राष्ट्रियताका बारेमा संघर्ष गर्नुपर्छ भन्ने कुराहरू हामीले मोहनविक्रम सिंहसँग पनि गरेका छौं । पहिले पनि हामी संयुक्त भएका थियौं । त्यो राष्ट्रियताको मुद्दामा उहाँसँग मिल्ने राष्ट्रियताको मुद्दा हो । तपाईंहरू विप्लवजीहरूलगायत कार्यक्रमहरू बनाउनुपर्छ भनेर भनेका छौं र यो कार्यगत एकताको प्रश्नको कुरा यहाँले राख्नुभयो, त्यो ठीक गर्नुभयो । हामी बसेर यो छिट्टै बनाइहाल्छौं ।

➲ ***अब अरू केही बताउनुहुन्छ कि ?***

सञ्चार-माध्यमबाट भन्नुपर्दा दक्षिणपन्थी अवसरवाद वाम-गठबन्धनका रूपमा देखापरेको दक्षिणपन्थी अवसरवादका विरुद्ध पुरानो प्रतिक्रियावादी राज्यसत्ताको संरक्षणको गर्ने प्रतिक्रियावादी दिशातर्फ गइराखेको दक्षिणपन्थी गठबन्धनको विरुद्ध एउटा विचारात्मक संघर्ष चलाउने कुरा भइहाल्यो । यो सरकारमा जाँदैछ । हामीले संघर्ष गरुन्जेल दमन त भइहाल्छ । त्यसको हामीले संयुक्त प्रतिरोध गर्नुपर्छ । दोस्रो कुरा, क्रान्तिकारी कम्युनिस्टहरू गोलबन्द हुनैपर्छ । यसको विकल्प छैन । सबैले गम्भीरतापूर्वक सोच्नुपर्छ । अलिकति सानो भइयो, कमजोर भयो भन्ने खालको मानिसहरूमा अलिकति निरासा पनि आउने गर्छ । र, हामी त्यो निरासाको पक्षमा छैनौं । सानो र कमजोर भाका इतिहासमा धेरै थिए । हेर्नुस्, हामीले त्यस्ता क्षणहरू भोग्दै आएका पनि छौं । क्रान्तिकारीहरूलाई गोलबन्द गर्दै र एकताबद्ध हुँदै अब फेरि अर्को क्रान्तिको तयारी गर्ने हो । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादको दिशामा दृढतापूर्वक जाने हो । मूल कुरा यही हो । यसका निम्ति यहाँहरूको सञ्चार-माध्यमले क्रान्तिकारीहरूलाई गोलबन्द गर्ने दिशातिर सच्चा कम्युनिस्टहरूलाई एकताबद्धतिर महत्वपूर्ण भूमिका खेलोस्, हामी यहाँहरूबाट यही आशा र अपेक्षा गर्छौं ।

> अहिलेको राज्यले अवलम्वन गरेको अर्थनीति विगत राज्यसत्ताकै अर्थनीतिको निरन्तरताको नीति हो । यो अर्थनीति उत्तरसाम्राज्यवादी निगम पुँजीवादको अधिनस्थ रहेको छ वा त्योद्वारा निर्देशित छ । यो अर्थनीति नीजिकरण र व्यपारीकरणको नवउदारवादी अर्थनीति हो । यो अर्थनीति विश्व बैंक र व्यापार संगठनद्वारा नियन्त्रित हुन्छ । यो गैरसरकारी संस्थाद्वारा धेरै हदसम्म प्रभावित हुन्छ । यसलाई हामीले दलाल पुँजीवादी अर्थनीति भन्छौ भने, पँजीवादी स्वंयले पनि असाध्य पुँजीवाद भन्ने गरेका छन् । यही दलाल पुँजीवादी अर्थनीतिको व्यावहारिक परिणाम यो हो कि देश एकपछि अर्को परनिर्भर र कंगाल बन्दै गएको छ ।  कमिसन र भ्रस्टाचार वैधानिक र संस्थागत भएको छ ।



# वर्तमान सत्ता र जनजागरणबारे

भरत बम 'रणवीर'

कथित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान अर्न्तगत भर्खर चुनाव सम्पन्न भएको छ र कथित बाम गठबन्धनले बहुमत प्राप्त गरेको छ । शाषक वर्गले संघीय लोकतान्त्रिक गणतन्त्र जनताको लामो वलिदानीपूर्ण संघर्षबाट स्थापित नयाँ राज्यसत्ता भएकोले यसले शान्ति, स्थिरता र समृद्धि दिने दावी गरिरहेका छन् भने बामगठबन्धनले त अब समाजवाद आउने वा ल्याउन सकिने तर्क पनि गरेको छ। तर एकातिर जनताको जीवनमा "नयाँ बोतलमा पुरानै रक्सी" वा "जो आएपनि कानै चिरेका" भन्ने भनाइको अनुभूति गराएको छ, भने अर्कोतिर नेकपाले यो सारतः पुरानै असफल संसदीय पुँजीवादी व्यवस्था भएकोले यसलाई अस्विकार गरेर विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थालाई तर्क अगाडि सारेको छ । यसरी हाम्रो देश नेपाल राजनैतिक रूपमा दुई ध्रुवमा विभाजित हुन पुगेको छ भने जनता भ्रम र अन्यौलतामा बाँचेका छन । त्यसैले वतर्मान राज्यको यर्थाथ र सही विकल्प बारे जागरण अभियान आवश्यक भएको छ । यहाँ यही विषयमा सामान्य चर्चा गर्ने प्रयास गरिन्छ।

वतर्मान राज्यसत्ता के हो ?

वतर्मान राज्यसत्ता संघीय लोकतान्त्रिक गणतन्त्र रूपमा नयाँ जस्तो देखिएपनि यो सारतः  जनविरोधी र राष्ट्रविरोधी पुरानै असफल संसदीय पुँजीवादी राज्यसत्ता हो। यो वास्तविकतालाई स्पष्ट पार्न तीन मानकलाई अगाडि सारेर हेर्न आवश्यक छ।

पहिलो, राज्यको स्वतन्त्र राष्ट्रिय नीति–अहिलेको राज्यसँग यो राष्ट्रिय नीति नै छैन। किनकि हाम्रो देश पूर्णतः स्वतन्त्र भइसकेको छैन। तथ्यमा हेर्दा यो कथित नयाँ राज्यले पनि विगतका असमान सन्धी सम्झौताहरू खारेज गर्न सकेको छैन । खुला सीमानाको समस्या, सीमा अतिक्रमणको समस्या कायमै छ–जो भर्खरै वीरगंजमा ५० बिगा नेपाली जमिन अतिक्रमणमा देखिएको छ ।  संसदीय राजनैतिक पार्टीका प्रायःमुल नेतृत्वमा राष्ट्रिय आत्मसमपर्णवादको समस्या देखा परेको छ । परिणामतः संविधानतः देश सार्वभौम र स्वतन्त्र भनिएपनि बस्तुतः देश अर्धऔपनिवेशिकताबाट नवउपनिवेश बनेको छ । आजको विश्वमा विकसित आणविक शक्तिसम्पन्न देशहरूले पनि आफ्नो संकटलाई टार्न कथित राष्ट्रवादको नारा दिइरहेका छन् । यद्यपी यी देशहरूले दिएको राष्ट्रवादको नारा अन्धराष्ट्रवादको नारा हो र वास्तविक रूपमा यो पुँजीवादी फासिवादी नारा हो । आफ्नो संकटलाई टार्न भएपनि शक्तिसम्पन्न देशले त राष्ट्रवादको नारा दिरहेको छन् भने हाम्रो जस्तो अविकसित तेस्रो विश्वको देशमा राष्ट्रिय स्वतन्त्रता बिना कसरी शान्ति, स्थायित्व र समृद्धि हुन्छ ? जब कुनै देश आफै स्वतन्त्र हुदैन भनें त्यो देशमा कसरी समृद्ध हुन्छ। त्यसैले जुन राज्यसँग आफ्नो स्वतन्त्र राष्ट्रिय नीति नै छैन भने त्यो राज्यसत्ता कसरी राष्ट्रिय हितमा हुन्छ ?

दोस्रो, राज्यको अर्थनीति हो। अहिलेको राज्यले अवलम्वन गरेको अर्थनीति विगत राज्यसत्ताकै अर्थनीतिको निरन्तरताको नीति हो । यो अर्थनीति उत्तरसाम्राज्यवादी निगम पुँजीवादको अधिनस्थ रहेको छ वा त्योद्वारा निर्देशित छ। यो अर्थनीति नीजिकरण र व्यपारीकरणको नवउदारवादी अर्थनीति हो। यो अर्थनीति विश्व बैंक र व्यापार संगठनद्वारा नियन्त्रित हुन्छ । यो गैरसरकारी संस्थाद्वारा धेरै हदसम्म प्रभावित हुन्छ। यसलाई हामीले दलाल पुँजीवादी अर्थनीति भन्छौ भने, पुँजीवादी स्वंयले पनि असाध्य पुँजीवाद भन्ने गरेका छन् । यही दलाल पुँजीवादी अर्थनीतिको व्यावहारिक परिणाम यो हो कि देश एकपछि अर्को परनिर्भर र कंगाल बन्दै गएको छ ।  कमिसन र भ्रस्टाचार वैधानिक र संस्थागत भएको छ । वेरोजगारी र युवा पलायनतामा तिव्र बृद्धि भएको छ। प्रत्येक नेपालीहरूको थाप्लोमा २२ हजार विदेशी ऋण थोपरिएको छ । शिक्षा र स्वास्थ्य धेरै महंगो बन्दै गएको छ । यो आधारभूत कुरा पनि सामान्य जनतालाई काल झै बनेर पछ्याइरहेको छ। हामीले यो दलाल पुँजीको सरल रूप काठमाण्डौंको कालीमाटीको तरकारीमा देख्न सक्छौ । जहाँ गाँउबाट आफ्नै बाबा(कृषक)ले मिहिनेत गरेर उत्पादन गरेको तरकारी  २० रूपैयामा बेच्छ र कालीमाटीमा पुगेपछि कलेज पढ्न आएको छोरा(उपभोक्ता)ले १५० रूपैयामा किनेर खान्छ। यसरी वास्तविक श्रमिक जनता ठगिन्छ र बिचौलीयाले  दलाल पुँजीको वृद्धि गर्छ। यिनै  विचौलीयाकमिसनखोर, माफियाहरू र दलाल पुँजीपतिको संजाल नेपाली समाजको हरेक क्षेत्रमा व्याप्त रहेको छ । त्यस्तै हामी दलाल पुँजीको जटिल रूप नेताहरूको चुनावी खर्चमा देख्न सक्छौ । अहिले नेताहरूले पेश गरेको चुनावी खर्च लाखको अनुपातमा छ। प्रचण्डले त साँढे नौ लाखको चुनावी खर्च विवरण पेश गरेर दिउँसै रात पारेका छन् । तर वास्तविक खर्च करोडौंमा छ र त्यो संस्थागत नभएको, बैंकिङ्ग रेर्कड नभएको, नदेखिएको र देखाउन नमिल्ने दलाल पुँजी(थैला पुँजी) हो। वास्तवमा दलाल पुँजी भनेको अनुत्पादक पुँजी हो। यसको लगानी दलालहरूको उत्पादनमा हुन्छ। यसको उर्वर भूमि हाम्रो जस्तो तेस्रो विश्वका अविकसित देश हुन्छन् । त्यसैले नेपालमा संसदीय राजनैतिक पार्टीहरूले दिएको कथित "आर्थिक क्रान्ति" को नारा यही दलाल पुँजीपति वर्गको नारा हो । अब यो दलाल पुँजीवादी अर्थनीतिलाई अवलम्वन गरिरहेको राज्य कसरी जनहितको राज्य हुन्छ ?

तेस्रो, राज्यको वर्गीय नीति हो । हजारौं वर्ष पहिलेको दास-मालिक समाजमा जस्तै अहिलेको राज्य पनि वर्गीय राज्य हो । जसरी दास- मालिक समाजमा दासलाई छोडेर दास-मालिकको राज्य हुन्थ्यो। किनकि त्यहाँ दासलाई कुनै अधिकार हुदैनथ्यो र त्यहाँको लोकतन्त्र भनेको मालिकको मात्र लोकतन्त्र हुन्थ्यो । सामन्ती समाजमा किसानलाई दमन गर्ने हतियारको रूपमा सामान्त तथा जमिन्दारको राज्य हुन्थ्यो। किनकि त्यहाँ किसानलाई कुनै अधिकार हुदैनथ्यो । ठीक त्यसरी नेपालको सर्न्दभमा दलाल पुँजीपति वर्गको राज्य हो। यहाँपनि पुँजी नभएका श्रमिक जनताको कुनै अधिकार हुदैन। कानूनतः भनाईमा सबैको अधिकार बराबर हुन्छ भनेपनि वास्तविक जीवनमा पुँजी नभएका जनताको कुनै अधिकार हुदैन। यो तथ्य चुनावले सामान्य जनतालाई पनि स्पष्ट पारेको छ। त्यसैले अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेको दलाल पुँजीपति वर्गको राज्य हो।

कम्युनिष्ट भएकाको त कुरा छोडौं कम्युनिष्ट बन्न चाहाना मात्र राख्नेले पनि राज्यको वर्गीय स्वरूपलाई मान्दै श्रमिक वर्गीय राज्यको पक्षमा संघर्षरत रहनु र नीजि पुँजी उन्मुलनको मान्यता स्वीकार गर्न आवश्यक हुन्छ। अब यहाँ नेपालका कम्युनिष्ट र अहिलेको कथित बाम गठबन्धन बारे न्युनतमः कुरा भन्न र जान्न जरुरी छ। किनभने हाम्रो देशमा कम्युनिष्ट र बामको नाममा राजनैतिक रूपमा राज्यको वर्गीय स्वरूपलाई लुकाउने र आर्थिक रूपमा नीजि पुँजीको उन्मुलन गर्नुको बदला नीजि पुँजीको संरक्षण गर्दै बृद्धि गर्ने  काम गर्ने गरेका छन्। त्यसैले अहिलेको यो कथित बामगठबन्धनलाई हाम्रो पार्टी नेकपाले "सामाजिक दलाल पुँजीवाद" भनेर संश्लेषण गरेको छ।

**जनजागरण अभियान बारे**

अहिले भर्खर हाम्रो पार्टी नेकपाको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ। यो बैठकले कथित वामगठबन्धनलाई "सामाजिक दलाल पुँजीवाद" को रूपमा परिभाषित गर्दै यसको भ्रमबाट जनतालाई मुक्त पार्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ... बाँकी पृष्ठ ५ मा

## राष्ट्रियताको चुनौति ...

गरिदिन्छ र पूरै समाजलाई अन्धकारमा धकेलिदिन्छ। यसले स्वभावतः एउटा वर्ग र जातिलाई मात्र राज्यको हर्ताकर्तामा बदलिदिन्छ र अरू सबैलाइ रैती गुलाम जस्तो बनाउन पुग्दछ जसको कारण राष्ट्रियताप्रति प्रत्येक नागरिकको समान जिम्मेवारीबोध हुनुको साटो केही मुट्ठीभर मान्छेको मात्र चिन्ताको विषय बन्न पुग्दछ । परिणामतः राष्ट्रियता नै कमजोर हुन पुग्दछ। त्यसैगरी, विभिन्न शक्ति केन्द्रको घुसपैठबाट पैदा हुने साम्प्रदायिकता, क्षेत्रीयता आदिले पनि जातीय भिडन्त, धार्मिक भिडन्त, क्षेत्रीय दङ्गा आदि निम्त्याउँदछ । यसले पनि स्वभावतः राष्ट्रियतालाइ विखण्डन गर्दछ र कमजोर बनाउँदछ।

**राष्ट्रियताको रक्षा**

राष्ट्रियताको रक्षा भन्नाले मुख्यत दुई पक्षमा ध्यान पुऱ्याउनुपर्दछ- १) बाह्य हस्तक्षेप, र २) आन्तरिक विखण्डन । यी दुई खतराबाट जोगाइयो भने राष्ट्रियता मूलतः सुरक्षित हुन सक्दछ। अन्यथा राष्ट्रियता दुई समस्याको चपेटामा पर्न सक्ने स्थिति रहिरहन्छ।

साना र कमजोर आर्थिक र राजनीतिक अवस्था भएका देशहरूको राष्ट्रियता जहिले पनि बाह्य हस्तक्षेप र अतिक्रमणको जोखिममा रहिरहेको हुन्छ। यो समस्या आर्थिक र सैन्यक्षमतामा सवल, सुदृढ र शक्तिशाली देशबाट पैदा हुने गरेको छ। इतिहासबाट हेर्दा भन्न सकिन्छ कि विश्वमा जति पनि विश्व युद्ध र ठूला युद्धहरू भएका छन् । ती प्रायः शक्तिशाली देशहरूकै गलत रवैयाका कारणले भएका छन । आज पनि महाशक्ति र शक्तिशाली देशहरूबाट यो समस्या जारी राखिएको छ, कमजोर र साना देशहरू पीडित हुनुपरिरहेको छ। यसबाट रक्षा गर्नु भनेको नै राष्ट्रियताको रक्षा गर्नु हो।

राजनीतिक रूपले राष्ट्रियताको रक्षा भन्नाले शक्तिशाली राष्ट्र वा साम्राज्यवादी र विस्तारवादी शक्तिबाट कमजोर र साना देशहरूमा बलजफ्ती हैकम लादेर आफ्नो अनुकूलको राज्य प्रणाली र शासन प्रणली खडा गर्न चाहने प्रवृत्ति र कार्यलाइ रोक्नुहुन्छ। त्यसैगरी, आर्थिक दृष्टिले कमजोर र साना देशको अर्थतन्त्रलाई पूरै आफ्नो नियन्त्रणमा राख्न खोज्ने र देशलाई पूरै निचोर्ने चुस्ने र नागरिकहरूलाई रैती गुलाम बनाउन चाहने कार्यलाइ रोक्नु हुन्छ । अर्को कुरा साना-मसिना मामिलालाई वहाना बनाएर सैन्य हस्तक्षेपसम्म गर्ने र देशलाई उपनिवेश बनाउन खोज्ने सोचलाई रोक्नु हुन्छ।

जति विकसित भए पनि, कम विकसित भए पनि आन्तरिक विखन्डन सबैको लागि राष्ट्रियताको समस्या हो । अझ कमजोर र साना देशको लागि यो खतरा बढी नै हुन्छ । त्यसैले राष्ट्रियताको रक्षा गर्नु भनेको आन्तरिक विखण्डन र विभाजन रोक्नु पनि हो। आन्तरिक विखण्डनको समस्या भनेको कुनै फरक जाति, फरक धर्म र फरक सम्प्रदायको बीचमा आउने समस्या मात्र भनियो भने पनि सही हुँदैन । केही मान्छेले यसरी पनि बुझ्दछन्, जो सही होइन । विखण्डन र विभाजन भनेको एउटा शासकीय चिन्तन र प्रवृत्ति हो। जो रूपमा एउटै जाति, रङ्ग, धर्म आदिको बीचमा पनि लागू हुन्छ । यो निकै सानो एकाइमा जाँदासम्म पनि हल हुँदैन। तसर्थ, राष्ट्रियताको हकमा विखण्डन र विभाजनको मनोवृत्तिबाट रक्षा गर्नु निकै महत्वपूर्ण छ।

**हाम्रो राष्ट्रियताको अवस्था**

हाम्रो राष्ट्रियता नेपालीको रूपमा संस्थागत भएको धेरै भएको छैन । पृथ्वीनारायणपछि नै यो अगाडि आएको हो तर यो जहिलेबाट अस्तित्वमा आयो, आएदेखि नै दुई समस्याले घेरिँदै आएको छ- बाह्य हस्तक्षेप र आन्तरिक विचलन। दुवैले नेपाली राष्ट्रियतालाई कमजोर र दुर्वल बनाउँदै आएका छन्।

इतिहास केलाउँदा नेपाली राष्ट्रियता सुरुमा अङ्ग्रेजको बाह्य हस्तक्षेपमा पऱ्यो । अङ्ग्रेज साम्राज्यले पूरै नेपाल निल्न र कब्जा गर्न नभ्याए पनि दोस्रो विश्वयुद्ध नसकिएसम्म र भारतबाट अङ्ग्रेज नफर्किएसम्म नेपाल लगातार अङ्ग्रेजको दबाबमा र हस्तक्षेपमा परिरह्यो । त्यहीक्रममै नेपालका कैयौं भू-भाग पूर्वमा मेचीदेखि टिस्टासम्मको र पश्चिममा महाकालीदेखि काँकडासम्मको भू-भाग दक्षिणमा गोमतीसम्मको भू-भाग गुमाउनुपऱ्यो । जो नियमतः भारतबाट अङ्ग्रेज फर्किएपछि नेपालले पाउनु पनि पर्दथ्यो । भारतबाट अङ्ग्रेज हटे पनि नेपालप्रतिको अङ्ग्रेज रवैया र हस्तक्षेपकारी प्रवृत्ति भने भारतको आजसम्मै कायम छ । भारत स्वतन्त्र भइसकेपछि र दक्षिण एसियामा सबैभन्दा ठूलो राष्ट्र र शक्तिको रूपमा आइसकेपछि ऊ अङ्ग्रेज साम्राज्यवादसँग जुन प्रवृत्ति र धाराविरुद्ध लडेको थियो, स्वयम् भारत त्यसैको सिकार बनेको छ। उसले आजसम्म नेपालप्रति देखाइरहेको रवैया र व्यवहारले यो सच्चाइलाई सजिलै सावित गर्दछ।

यतिबेला नेपाल भारत सीमा क्षेत्रको निकै ठूलो भू-भाग भारतमा परेको विवाद छ । भारतले सुने नसुने गर्दै आएको छ । नेपालको राजनीतिमा एक प्रकारले प्रत्यक्ष नियन्त्रण राखिरहेको छ। नेपालका राजनीतिक पार्टीहरूमा समेत हस्तक्षेप गरिरहेको छ। यसप्रति कोही पनि नागरिकहरू सन्तुष्ट छैनन् । नेपालको अर्थतन्त्रमा ७० प्रतिशतभन्दा बढी भारतको कब्जा छ। नेपाल भारत व्यापार घाटा अरबौं अरब छ। नेपालको सुरक्षा नीति र प्रविधिसमेत भारतबाटै नियन्त्रित छ। भारतीय सत्ताको रवैया मित्रको नभई मालिकको जस्तो अनुभव हुन्छ। हाम्रो राष्ट्रियतामाथि भारतको मात्र हस्तक्षेप छ भन्ने पनि होइन । सबै शक्ति सम्पन्न राष्ट्रहरूको पनि हस्तक्षेप बढ्दै गएको पाइन्छ, जो आजको विश्व राजनीतिको चित्र पनि हो।

राष्ट्रियतासम्बन्धी आन्तरिक विचलन अर्को ठूलो समस्या रहिआएको छ। आन्तरिक विचलनको मुख्य पक्ष हेर्दा मूलतः दुई रूपमा व्यक्त भइरहेका छन। पहिलो सत्ता केन्द्रित र दोस्रो सत्ता लक्षित।

जनता र कार्यकर्तामा रहेको सच्चा राष्ट्रियतावादी सोच र प्रवृत्ति छोडेर सत्तामा पुगेकाले दिने राष्ट्रियताको नारा र सत्तामा नपुगेका तर पुग्न चाहनेले दिने चर्का राष्ट्रियताका नारा दुवै दुर्नियतपूर्ण र अवसरवादी चरित्रका मात्र देखिन्छन् । सत्तामा बसेको एउटा शक्तिले जहिले पनि राष्ट्रियताको नारा त दिने गरेको छ तर त्यो जनतालाई बुझाएर र साथमा लिएर होइन कि आफ्नो सत्ता र सुविधाको कुर्सी रक्षा गर्न र बचाउन उराल्ने गरेको छ। त्यसैगरी, सत्तामा पुग्न चाहने अर्को शक्ति वा पक्षले पनि वास्तविक राष्ट्रियताको रक्षा गर्न वा जनतालाई जागरुक गर्न नभई राष्ट्रियताको नाराबाट लोकप्रियता हासिल गरेर सत्तामा पुग्ने बाटो बनाउन वा सत्तामा पुग्ने भऱ्याङ बनाउन यो नारा उचाल्ने गरेको बुझिन्छ । यसको ज्वलन्त प्रमाण यी छन् कि सत्तामा बस्दा राष्ट्रियताको नारा दिने शक्ति सत्ताबाहिर पुग्दा साथ जसलाई विरोध गरेको हो, उसैको पाउ मोल्न कुदेको प्रस्ट देखिन्छ र वास्तविक राष्ट्रवादी शक्तिसँग भागेर हिंडेको पाइन्छ अनि जसले सत्ताको लागि राष्ट्रियता उचालेका हुन्, उनीहरू सत्तामा पुगे पनि तिनको मुख बुजो मात्र लगाएका छैनन् कि आवश्यकताको नाममा झन् ठूला राष्ट्रघाती सन्धि-सम्झौताहरूमा सही धस्काउन पुगेका छन्।

राष्ट्रियतामा विचलन छन् भन्नुको मतलव नेपालमा राष्ट्रवादी शक्ति नै छैनन् भन्नेचाहिँ होइन । माथि नै भनियो कि सबैभन्दा राष्ट्रवादी शक्ति र प्रवृत्ति भनेको आम जनता हुन् र नेपालमा यो प्रवल रूपमा उपस्थित छ । जनताले जहिले पनि विदेसी हस्तक्षेपविरुद्ध र राष्ट्रिय स्वाधीनताको पक्षमा अतुलनीय बलिदान र योगदान गर्दै आएको जगजाहेर नै छ। त्यसैगरी, प्रायः पार्टी र समूहहरूमा प्रशस्त मात्रामा राष्ट्रवादी शक्तिहरू मौजुद छन् जसले परिआएको बेलामा आफ्नो भूमिका पूरा गर्दै आएका पनि छन्।

**आजको आवश्यकता**

राष्ट्रियतालाई संरक्षण गर्नका निम्ति हामीले दुईवटा जिम्मेवारी पूरा गर्न आवश्यक छ। पहिलो जागरण र प्रतिरोध अनि दोस्रो राष्ट्रियताको विकास । राष्ट्रहरू भूगोलले सानो र ठूलो हुन सक्दछन्, आर्थिक रूपले धनी र गरिब हुन सक्छन्, सैन्य दृष्टिले बलियो र कमजोर हुन सक्दछन् तर तिनै कारणहरूले गर्दा राष्ट्रियताको मामिलामा पनि ठूलो र सानो वा असमानता हुने भन्ने हुँदैन । आर्थिक र सैन्य हैसियतमा फरक परे पनि राष्ट्रियतामा समान हैसियत नै हुन्छ । राष्ट्रियताको सवालमा कुनै पनि दुई र दुईभन्दा बढी स्वतन्त्र राष्ट्रको आपसी सम्बन्ध समान हुन जरुरी हुन्छ । हामीले यो सच्चाइ हाम्रा छिमेकी राष्ट्रहरूलाई बोध गराउनुपर्दछ र गराइरहन मिहिनेत गर्नुपर्दछ। यो सच्चाइ बुझेर पनि हामीमाथि हस्तक्षेप हुन्छ भने त्यसरी हुने र भइरहने बाह्य हस्तक्षेपको हामीले विरोध र प्रतिरोध गर्नुपर्दछ । हामीले सहअस्तित्व र सहकार्यको आधारमा छिमेकी देशहरूसँग सम्बन्ध निमाण गर्न र एकले अर्काको राष्ट्रियतालाई सम्मानजनक बोध गर्न र गराउनुपर्दछ।

राष्ट्रियतालाई आन्तरिक रूपले सुदृढ गर्न राष्ट्रियतासम्बन्धी पुरानो मान्यतालाई बदलेर नयाँ आधारमा विकास गर्नुपर्दछ । हाम्रो देशको पुरानो आधार भनेको एकात्मक, अति केन्द्रीकृत र सत्तामुखी खालको मात्र देखिन्छ । यसले राष्ट्रियतालाई व्यक्ति केन्द्रित, दल केन्द्रित र सत्ता केन्द्रित मात्र बनायो। हामीले यसलाई बदल्नुपर्दछ र जनआधारित राष्ट्रियता निर्माण गर्नुपर्दछ । जुन राष्ट्रियताले सबै आन्तरिक राष्ट्र, क्षेत्र, वर्ग र समुदायलाई समान ढङ्गले एकताबद्ध बनाओस् र सबै नागरिकहरूलाई गौरवान्वित गराओस् । नेपाल र नेपाली राष्ट्रियता भनेपछि वास्तवमै सबै नागरिकहरू जागरुक बनून्, एकताबद्ध बनून्, सक्रिय होऊन् र समान प्रकारले गौरव गरून् । आजको सन्दर्भमा त्यस्तो राष्ट्रियताको अभिव्यक्ति सङ्घीय राज्य प्रणालीद्वारा नै हुन सक्दछ


**स्वाधीनता, समृद्धि र नागरिक**

राष्ट्रिय स्वाधीनता उन्नति र समृद्धिको आधार हो। स्वाधीन राष्ट्रले मात्र उन्नति र प्रगति प्राप्त गर्न सक्दछ। पराधीन राष्ट्रका नागरिक कहिल्यै पनि सुखी सम्पन्न र स्वाभिमानी हुन सक्दैनन्। स्वाधीन राष्ट्रका नागरिक मात्र सुशिक्षित, आत्मनिर्भर र सुखी सम्पन्न हुन सक्दछन्। स्वाधीन राष्ट्रका नागरिकहरू विशेषतः युवाहरू रसिला, भरिला, फुर्तिला, आत्मविश्वासले भरिएका र स्वाभिमानी खालका हुन्छन् । उनीहरूले राज्यलाई नयाँ आधारमा रूपान्तरण गर्न सक्दछन्। साथै राज्यका आर्थिक, सामाजिक, राजनीतिक, सुरक्षा, शिक्षा, स्वास्थ्य आदि सबै क्षेत्रमा विकास गर्न सक्दछन् । स्वाधीन राष्ट्रका युवाहरू जेसुकै परे पनि आफ्नै देश र जनताको उन्नति र समृद्धिमा समर्पित हुन्छन् । उनीहरूलाई आफ्नो मिहिनेत र पौरख प्रति गौरव हुन्छ । जब मिहिनेत आफ्नै देशमा पोखिन्छ, देश ह्वात्तै माथि उठ्न कुनै बेर नै लाग्दैन तर जुन देश पराधीन र परनिर्भर प्रकारको हुन्छ, त्यसका नागरिकहरू निरुत्साहित, निरास, अल्छी, कमजोर र चाकरीबाज खालका हुन्छन्। ती देशका युवाहरूलाई देशको जिम्मेवारीप्रति खासै वास्ता हुँदैन। उनीहरूलाई केवल जीवन गुजारा गर्ने र जसरी हुन्छ, आफ्नो स्वार्थ पूरा गर्ने चिन्ता मात्र हुन्छ । जनताले दुःख पाउन, आफ्ना नागरिकहरूको अवस्था बेहाल होस्, देश अन्धकारतिर जाकियोस्, केही खासै सरोकार हुँदैन। विश्व राजनीति र राष्ट्रहरूको इतिहासले यही सच्चाइ व्यक्त गरिरहेको छ। तसर्थ, हामीले स्वाधीन राष्ट्र निमार्णमा खुब जोड दिन जरुरी छ ताकि हाम्रा नागरिक स्वाभिमानी र आत्मविश्वासी बनून् । साथै, हाम्रो देश सुखी समुन्नत र समृद्ध हुने दिशामा अगाडि बढोस् ।

७ जेठ, २०६९

# सी चीङफिङ नै चीन

जावेद अनिस





आजको चीन विरोधाभासले भरिएको देश हो, जहाँ एउटा कम्युनिस्ट पार्टीको नेतृत्वमा पुँजीवादी अर्थ-व्यवस्थाको सफलतापूर्वक सञ्चालन भइरहेको छ । जसलाई चिनियाँ शासकहरूले चिनियाँ विशेषताको समाजवाद भन्ने गरेका छन् । त्यही उपडखापड बाटोमा हिँडेर चीन विश्वअर्थतन्त्रको चालक-यन्त्र बन्न गएको छ । चीनको यो सफलता चामत्कारिक छ। पछिल्लो दशकमा चीनले जसरी आफ्नो प्रभावकारी झन्डा गाडेको छ त्यसले संसार अचम्मित भएको छ। यद्यपि चीन आज सबैलाई पछाडि धकेल्ने उद्देश्य राख्छ।

हालै सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को १९ औं महाधिवेशनले के निर्णय गरेको छ भने यो सी चीङफिङ युु हो र सीको सपना नै चीनको सपना हो। उनी अब चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय केन्द्रीय समितिको महासचिव, चीनका राष्ट्रपति र केन्द्रीय सैन्यआयोगको जस्ता असीमित शक्तिहरूले बलशाली भएका छैनन् । अब उनलाई अध्यक्ष माओको बराबर हैसियत प्राप्त भएको छ । उनको नाम र विचारलाई सीपीसको पार्टी विधानमा समेत समावेश गरिएको छ। त्यो प्रक्रियासँगै चिनियाँ सञ्चारका लागि सी जनसेवक, युगवाहक र राष्ट्रिय मेरुदण्ड बनिसकेका छन्।

सन् २०१७ अक्टोबर ८-२४ मा चिनियाँ कम्युनिस्ट पार्टीको १९ औं महाधिवेशन भएको छ। त्यसबाट चीनले विश्वलाई सिधा के सन्देश दिएको छ भने ऊ आफ्नो परम्परागत परिचयलाई कुनामा थन्क्याएर आर्थिक प्रगतिमुखी परिचय स्थापित गर्न चाहन्छ। देशभित्रको सम्पूर्ण शक्ति आफूमा केन्द्रित गरिसकेको सीले अन्तर्राष्ट्रिय मञ्चमा पनि महत्वपूर्ण भूमिका खेलिरहेका छन् । चीनमा नयाँ युगको सुरुआत र चीनको महान् पुनरुत्थानको चर्चा भइरहेको बेला त्यसको साथसाथै विश्वमञ्चमा पनि चीन निर्णायक भूमिका निर्वाह गर्न अघि बढिरहेको छ।

## अध्यक्ष सी चीङफीङ

सन् २०१२ मा सी चीङफीङलाई पार्टीको नेतृत्व गर्ने अवसर प्राप्त भएको थियो। त्यसपछि सन् २०१३ मा उनी राष्ट्रपति भए । त्यसपछि लगातार उनले आफ्नो शक्ति बढाउँदै गएका छन्। गएको पाँच वर्षयता सी र उनका सहयोगीहरूले सामूहिक नेतृत्वले देशमा समस्या पैदा हुन्छ भन्ने कुरा स्थापित गर्न खोजिरहेका छन् । त्यसले गुटबन्दी र भ्रष्टाचारलाई प्रोत्साहित गर्छ । त्यसकारण चीनको नयाँ युगमा प्रवेश गर्नका लागि शक्तिशाली र नेतृत्व केन्द्रीकरण आवश्यक छ । त्यसकै सिलसिलामा चीनमा बहुचर्चित भ्रष्टाचार विरोधी अभियान चलाइएको हो। त्यस दौरान उनले ठूलो संख्यामा नेताहरू, उच्च तहका कर्मचारीहरू र सेवानिवृत्त सेनाका अधिकारीहरूलाई जेलमा कोचिसकेका छन् । तसर्थ, त्यो भ्रष्टाचार विरोधी अभियान मात्र थिएन किनकि भ्रष्टाचार विरोधी अभियानको क्रममा सीले आफ्ना राजनीतिक विरोधी र प्रतिस्पर्धीहरूलाई समेत तह लगाएका छन् । त्यसकारण सीको हातमा अथाह शक्ति निहित भएको छ। भावी दिनमा उनीद्वारा प्रस्तुत मार्गमा अघि बढ्ने निर्णय चीनले गरिसकेको छ। अब उनलाई अध्यक्ष माओकै समकक्षीका रूपमा पेश गर्न थालिएको छ। चिनियाँ राष्ट्रवाद उनको मूल विशेषता हो र अग्रजहरूको विपक्षमा हिँड्न उनलाई कसैको अवरोध पनि छैन। आगामी पाँच वर्षपछि उनले आफ्नो स्थानमा अरू कसैलाई जाने बाटो छोडिदिन्छन् कि फेरि आफैं जान्छन् भन्ने कुराको संकेत दिएका छैनन्। सन् २०२२ मा सीको दोश्रो कार्यकाल सकिनेछ। त्यसपछि के हुन्छ भन्ने स्पष्टता छैन। आन्तरिक रूपमा उनको विरुद्ध टक्कर दिनसक्ने पात्र धेरै टाढा-टाढासम्म पनि कतै देखिन्न। उनी यसबेला सर्वेसर्वा नेता हुन् र आफ्नो बारेमा आफैं निर्णय गर्न स्वतन्त्र छन्।

आजभन्दा अघि चीनमा अध्यक्ष माओ युग र त्यसपछि तङ्ग स्याओ फिङ्युग थियो । २०१२ पछिको समयलाई सीयुग भन्न थालिएको छ। त्यसो त सीलाई माओकै समकक्षी नेताका रूपमा प्रस्तुत गर्न थालिएको छ तर सी सुधारवादी नेता देङको बाटोमा अघि बढिरहेका छन्। वास्तवमा देङले नै चीनलाई माओको देहान्तपश्चात सुधारको बाटोमा डोऱ्याएका थिए। सन् १९७८ मा देङले सुधार र खुलापनको नीति प्रस्ताव गरेका थिए । जसलाई चिनियाँ विशेषताको समाजवाद भनिएको छ। सीले पनि उही चिनियाँ विशेषतासहितको समाजवादको कुरा गरिरहेका छन् । देङको चिनियाँ विशेषताको समाजवादमा सीले केवल 'नयाँ युग' थपेका छन् । त्यसो त सीको काम गर्ने शैली भने माओकै जस्तो छ। माओकै जसरी उनी पनि नेतृत्व केन्द्रीकरणको वकालत गर्छन्। जो सर्वशक्तिमान र सम्पूर्ण शक्ति निहीत भएको होस् । अध्यक्ष माओपछि चीनलाई फेरि एकपटक आफ्नो अध्यक्ष प्राप्त भएको छ।

## चिनियाँ अनुभव

चिनियाँ अनुभव आफैँमा विश्वका लागि पृथक र अनौठो छ। जसलाई चिनियाँ विशेषतासहितको समाजवाद भनिन्छ। जसको राजनीतिक व्यवस्था कम्युनिस्ट तरिकाले चल्छ तर अर्थ-व्यवस्था पुँजीवादी नियम तथा शैलीमा चल्दछ। जहाँ अर्थ-व्यवस्थामा खुलापनको वकालत गरिन्छ तर अर्थ-प्रणालीमा राजकीय नियन्त्रणको विरोध गरिन्छ । पार्टी नियन्त्रण अर्थतन्त्रमा नहुने बाचा गरिन्छ । नागरिकको लागि अभिव्यक्ति स्वतन्त्रता नियन्त्रित गरिन्छ । स्वतन्त्र आवाजमाथि प्रतिबन्ध लगाइन्छ र जनतासमक्ष राजनीतिक विकल्प हुँदैन । चीनमा कम्युनिस्ट पार्टीको शासन छ र त्यो केन्द्रशासित लोकतन्त्रवादी सिद्धान्तअनुसार चल्छ । जसको पार्टी सदस्य ९० करोड (९ करोड हुनुपर्ने होला तर यहाँ अन्यथा तथ्याङ्क समावेश छ- अनुवादक) रहेको बताइन्छ। त्यसको सम्पूर्ण शक्ति ७ सदस्यीय स्थायी समितिमा निहित छ। त्यसमा पनि सीजस्ता नेता स्थायी समितिमा हुन्छन् भने सम्पूर्ण शक्ति एउटै व्यक्तिमा केन्द्रित हुन जान्छ।

आज पश्चिमको उदारवादी लोकतन्त्र आन्तरिक प्रश्नहरूमा अल्झिएको छ । यस्तो समयमा चीनले आफूलाई विकल्पको रूपमा प्रस्तुत गरेको छ तर चीनले आफ्नो विचार निर्यात गर्ने दावी कहिल्यै गरेको छैन । त्यो नमूना केवल चीनको लागि हो भन्ने उसको दावी छ।

## चिनियाँ सपना

चीनले जुन रफ्तारमा अर्थतन्त्रको विकास गरेको छ; त्यसलाई चमत्कार नै भन्न सकिन्छ । त्यसका लागि उसले ठूलो धैर्यता अवलम्बन गरेको छ। ठूलो घुम्ती र योजनाबद्ध प्रयास गर्दै ऊ त्यहाँसम्म पुगेको हो। देङको एउटा चर्चित भनाइ छ, "बिरालो कालो होस् कि सेतो, त्यसको हामीलाई कुनै पर्वाह छैन, जबसम्म त्यसले मूसो समात्छ ।" बुझ्न सकिन्छ कि उनको जोड शैलीप्रति थिएन; लक्ष्यप्रति थियो।

आज चीनको अर्थ-व्यवस्था विश्वको दोश्रो ठूलो अर्थ-व्यवस्था बनिसकेको छ । सांघाईको फूर्ति विश्वका कुनै पनि विशाल सहरभन्दा कमजोर छैन । सुधारवादी नीति लागू भएपछि चीनमा धनी र गरिबको बीचमा असमानता बढेको छ। यद्यपि यसबीचमा ठूलो संख्यामा नागरिकहरू गरिबीको रेखाबाट बाहिर आएका छन् । सैन्यक्षमतामा वृद्धि भएको छ। विश्वस्तरमा उनको चमक वृद्धि भएको छ। आगामी वर्ष उदारवाद लागू भएको ४० वर्ष हुँदैछ। सीले त्यसलाई ऐतिहासिक उपमा दिइसकेका छन्। सीले चिनियाँ राष्ट्रवादको पुनरुत्थानको सपना प्रस्तुत गरेका छन् । जसमा विश्व रङ्गमञ्चमा चीन आर्थिक शक्तिसहित एउटा महाशक्तिको रूपमा उपस्थित हुनेछ। आफ्नो त्यो सपनालाई राष्ट्रपति सीले 'चिनियाँ सपना' अथवा सम्पूर्ण चिनियाँ जनताको अपेक्षाको रूपमा प्रस्तुत गरेका छन् । त्यसका लागि उनले व्यापक रूपमा नवीनीकरणको प्रचार गरिरहेका छन् । जसमा देङको खुलापनको विस्तार र शासकीय प्रणालीमा आधुनिकीकरणको विषय उठाएका छन् । अर्को वर्ष चीनले आफ्नो शताब्दी वर्ष (१ सय वर्ष उत्सव- अनुवादक) मनाउँदैछ । २०२० पुग्दा-नपुग्दै अभावरहित चिनी समाजको निर्माण गर्ने सीको दावी छ । २०३५ सम्म चीन आफूलाई सैन्यशक्तिको रूपमा उभ्याउन चाहन्छ। सन् २०५० सम्म चीनलाई सम्पूर्ण रूपमा विकसित देश बनाउने उनीहरूको लक्ष्य छ।

## विश्वव्यापी चिनियाँ प्रभाव

चीनले विश्वसमक्ष आफ्नो महत्वाकांक्षा लुकाउन छोडेको छ । उसले आफ्नो मनसायको कुटिरो खोलेको छ। सीपीसीका नयाँ प्रमुख सीले पार्टीको १९ औं महाधिवेशनमा घोषणा गरे कि "अब हामीले विश्वको केन्द्रीय मञ्चमा आफ्नो स्थान दावी गुर्नपर्छ र मानवजातिका निम्ति महान् योगदान गर्नुपर्छ ।" उनले त्यो समय आइसकेको घोषणा गरेका छन् । सबैलाई थाहा छ कि चीन विश्व मञ्चमा आफूलाई केन्द्रीय भूमिकामा देख्न चाहन्छ।

सीको पहिलो कार्यकालदेखि नै चीनले आफूलाई विश्व रङ्गमञ्चमा आफ्नो शक्ति प्रस्तुत गर्दै आएको थियो । त्यसयता उनले चीनलाई उदीयमान शक्तिका रूपमा प्रस्तुत गर्दै आएका छन् । दक्षिणी चीन सागरमा कृत्रिम टापु बनाउने प्रश्नमा होस्; एक पाटो, एक बाटो परियोजनामा होस्; या राष्ट्रपति ट्रम्पको पेरिस जलवायु सम्झौताबाट अथवा व्यापार सम्झौताबाट अलग भएपछि सीले भूमण्डलीकरणको नेतृत्व सम्हालेका छन्। यसबेला आर्थिक र राजनीतिक रूपमा चीनको प्रभाव विश्वस्तरमा विस्तारित भएको छ।

विश्व चौबाटोमा किंकर्तव्यविमूढ भएर उभिएको समयमा सीपीसी को १९ औँ महाधिवेशन सम्पन्न भएको छ। ट्रम्प नेतृत्वको अमेरिका विश्वको नेतृत्व गर्न अनिच्छुक देखिएको छ। युरोपियन देशहरूको आपसी सहकार्य भङ्ग हुँदै गएको छ । भारत पथभ्रष्ट हुँदै गएझैँ देखिन्छ । यी सबै घटनाक्रम हेर्दा सारमा पश्चिमी लोकतन्त्र नै संकटग्रस्त देखिन्छ। यस्तो अवस्थामा चीनलाई यी सबैबाट फाइदा उठाउने अवसर आएको छ तर चुनौतीरहित होइन।

एउटा चिनियाँ उखान छ, 'हजारौं माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ ।' अध्यक्ष सी जिङफिङको नेतृत्वमा चीन नयाँ युगको दिशामा एक पाइलो अगाडि लम्किसकेको छ।

**स्रोत : फिलहाल, वर्ष १९, अङ्क २३–२४**

**भाषान्तरण– अनिल शर्मा**

## वर्तमान सत्ता ...

वतर्मान दलाल पुँजीवादी राज्यसँग रहेको नेपाली जनताको मुख्य अन्तरविरोध हल गर्नलाई यो राज्यसत्ताको वास्तविकता जनतालाई स्पष्ट पार्न देशव्यापी "जनजागरण अभियान" संचालन गर्ने निर्णय गर्दै सम्पन्न भएको छ। त्यसैले यो अभियानको महत्वपूर्ण पक्ष बारे सामान्य चर्चा गर्न आवश्यक छ।

जनजागरण अभियानको पहिलो कार्यभार भनेको वर्तमान कथित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यसत्ताको जनविरोधी, राष्ट्रविरोधी र फासिवादी वर्गीय सारको भण्डाफोर गर्नु हो । साथै सामान्यतः एक वर्ग अधिनायकत्व अर्न्तगतका दुई गठबन्धन बारे विषेशतः कथित कम्युनिष्ट बामरूपको "सामाजिक दलाल पुँजीवाद" को भण्डाफोर गर्नु हो र यसको भ्रमबाट जनतालाई मुक्त गर्नु हो । किनकि कथित लोकतान्त्रिक भन्दा बामगठबन्धनले बढी भ्रम पार्ने सम्भावना छ। साथै मालेमावादी विचार, एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादको प्रचार प्रसार गर्दै यसको वैज्ञानिकता र अनिवार्यतालाई स्थापित गर्नु हो।

दोस्रो कार्यभार भनेको पुरानो राज्यसत्ता र शाषक वर्गसँगको जनताको असन्तुष्टिलाई पार्टीको कम्युनिष्ट क्रान्तिकारी राजनैतिक विचारद्वारा प्रभावित गर्दै त्यसलाई संगठनमा बदल्ने हो । सवै वर्ग, जाति, क्षेत्र र लिङ्ग भन्दामाथि उठेका "कम्युनिष्टहरूबाट बनेको पार्टी नै कम्युनिष्ट पार्टी हो" भन्ने मान्यतासहित पार्टीको सुदृढीकरण गर्दै एकीकृत र केन्द्रीकृत पार्टी बनाउनु हो । सच्चा देशभक्त र लोकतन्त्रवादीसँग वृहत राष्ट्रिय संयुक्त मोर्चा निर्माणकालागि पहल गुर्न हो।


जनजागरण अभियानको तेस्रो कार्यभार भनेको वर्गसंघर्षलाई जारी राख्दै एकिकृत जनक्रान्तिलाई निरन्तरता दिनु हो । जस अन्तर्गत राष्ट्रियता र भ्रष्टचार विरुद्धको संघर्षलाई अगाडी वढाउने हो । जनतन्त्र र जनजिविकाका सवाललाई लीएर संघर्ष गर्ने हो जसअन्तर्गत राष्ट्र लुट्नेको पहिचान गर्दै क्रमश जनतालाई संघर्षमा उत्रीन अपिल गर्ने,महङ्गी विरुद्ध संघर्ष गर्ने, कम्युनिष्टको अन्त्य गर्न जन्माइएका गैर सरकारी संस्था विरुद्ध संघर्ष उठान गरीनेछ र पार्टी विरोधि अपराधिक तत्वलाई सर्तक वनाउने साथै,पुरानो सत्ताका तथाकथित जनप्रतिनिधि विरुद्धको संघर्ष पनि अघि वढाउदै लीने कार्यभार हो।

चौथो कार्यभार भनेको जनसत्ताद्धारा उत्पादन र विकास निर्माण लगायत अन्य लोकप्रिय काम अघि वढाउदै,न्याय र सुरक्षाको काम गर्नु अनि समग्र पार्टीले व्यवस्थापकिय काम व्यवस्थित गर्नु पनि हो । यो जनजागरण अभियान जनताहरूको व्यापक समर्थन र परिचालनद्धारा शान्तिपुर्ण रूपमा चल्नेछ तर राज्यले वास्तविक सत्य कुरा जनतामा जान रोक्न यसैलाई बहाना वनाई दमन गर्छ भने पार्टीले एकिकृत जनक्रान्तिलाई नयाँ उचाइ प्रदान गर्दै जनप्रतिरोधलाई संगठीत गर्नु हुनेछ।

अन्त्यमा, नेपालमा दलाल पुँजीवाद र वैज्ञानिक समाजवाद, राष्ट्रिय आत्मसमर्पण र स्वाभिमान, आम्ने साम्ने हुदै प्रतिक्रान्ति र क्रान्तिको टक्करको प्रकृया नयाँ चरणमा प्रवेश गरेको छ । प्रत्यक नेपालीले सोच्न जरुरी छ कि कथित संघिय लोकतान्त्रिक गणतन्त्रात्मक वर्तमान राज्यले मुक्ति,परिवर्तन र संम्वृद्धिको सरल मार्ग प्रस्तुत गर्दै थप संकट ल्याएर आउदैछ त्यसैले यो संकटको सहि समाधान एकिकृत जनक्रान्तिको सम्पन्नता र राष्ट्रिय स्वाधिनतासहितको वैज्ञानिक समाजवादको स्थापना हो यहि सत्यलाई जनतामा पुऱ्याउन जनजागरण अभियान निरन्तर चलाइनुपर्ने हुन्छ र चल्दै जानेछ।

; dfnf]rgf

# 'समकालीन साहित्य र संस्कृति'


खेम थपलिया


इतिहासका अनेकन् कालखण्डमा झैं समकालीन नेपाली समाजमा पनि सबै किसिमका नूतन र पुरातन चिन्तनका बीच भीषण सङ्घर्ष भइरहेको छ। राजनीतिक क्षेत्रमा जस्तै साहित्यिक तथा सांस्कृतिक क्षेत्रमा पनि यो प्रक्रिया तीब्रतामा छ। पुरातन चिन्तन र त्यसको विरासतमा खडा भएको जनघाती राजनीतिसँगै खडा गरिएको जनविरोधी साहित्यिक-सांस्कृतिक सत्तालाई ध्वस्त बनाउनु अपरिहार्य हुन्छ। अनि, प्रतिक्रियावादी तथा सामन्तवादी साहित्य-संस्कृतिलाई चिहानमा पुर्नु र त्यही चिहानमा जनताको वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नु आजको आवश्यकता हो। वैज्ञानिक समाजवादी क्षितिज एकीकृत जनक्रान्तिसँगै सुन्दर उघार्दै गएको छ। पूर्व क्षितिजमा परिवर्तनका आभा देखिन थालिसकेको छ। यो कुरा संसारभरका उत्पीडित तथा श्रमजीवी जनतालाई सुखद् सन्दर्भ हो।

नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि अनवरत क्रियाशील अनिल शर्मा स्थापित नाम हो। राजनीतिका साथै, उहाँले समकालीन कला-साहित्यमा गहिरो चासो राख्दै र चिन्तन गर्दै आउनुभएको छ। साहित्य र संस्कृतिको क्षेत्रमा उहाँको चिन्तनधारा लोभलाग्दो गरी अनवरत प्रवाहमा छ। यसै सन्दर्भमा उहाँको '**समकालीन साहित्य र संस्कृति**' नामक पुस्तक प्रकाशन भएको छ। ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विधिद्वारा तयार पार्नुभएको उक्त पुस्तक समकालीन मार्क्सवादी प्रकाशनको फाँटमा निकै महत्वपूर्ण उपलब्धि हो। यो पुस्तकले नेपाली राजनीतिक जीवनका साथै, सामाजिक, साहित्यिक र सांस्कृतिक जीवनमा देखापरेका कैयौं विचारधारात्मक न्यूनतालाई एकहदसम्म भए पनि पूर्ति गर्ने कुरामा कुनै शङ्का छैन। यसले नेपालको मार्क्सवादी प्रकाशनको क्षेत्रमा विशिष्ट स्थान राख्ने र विचारधारात्मक क्षेत्रमा पनि हस्तक्षेपकारी भूमिका निर्वाह गर्नेछ। सांस्कृतिक-साहित्यिक क्षेत्रमा क्रियाशील स्रष्टा-दृष्टाहरूका लागि यो पुस्तक विचारधारात्मक रूपमा मात्र नभई विषयगत विविधताका हिसाबले निकै लाभकारी हुनेछ। यो पुस्तकले विचारधारात्मक, संज्ञानात्मक र सौन्दर्यात्मक क्षेत्रलाई सवलीकृत गर्दै मानवमुक्तिको अभियानमा महत्वपूर्ण योगदान दिनेछ। दुई खण्ड रहेको प्रस्तुत पुस्तकको पहिलो खण्डमा विचारधारात्मक सांस्कृतिक आलेख रहेका छन् भने दोस्रो खण्डमा समालोचनात्मक प्रस्तुति रहेका छन्।

अनिल शर्माकृत '**समकालीन साहित्य र संस्कृति**' मा सिर्जना खण्डमा 'संस्कृति र संस्कार' नामक निकै महत्वपूर्ण आलेख रहेको छ। साहित्य तथा सांस्कृतिक चिन्तनधारामा क्रियाशीलहरूका लागि यो आलेख पठनीय र मननीय छ। शर्माले 'संस्कार के हो ?' उपशीर्षकमा संस्कारको उत्पत्ति र नेपाली समाजका चलिआएको रुढीगस्त संस्कृतिबारे सुन्दर ढङ्गले व्याख्या गर्नुभएको छ, 'दर्शन, विचार, अर्थ-व्यवस्था, जीवनशैली, पद्धति, वातावरण परम्परा आदि संस्कृतिमा अभिव्यक्त हुन्छन्। त्यसैले संस्कार मानवीयस्वरूप नै हो। धर्म, आस्था, भावना, मूल्य-मान्यता, चाडपर्व, चलन सबै मानवनिर्मित अस्तित्व हुन्। पृथ्वीमा जीवको उत्पत्ति 'एक कोषीय जीवदेखि मानवजातिको उत्पत्तिसम्म' ४ अर्ब वर्षदेखि ३० करोड वर्षअघिसम्म ईश्वर, धर्म, स्वर्ग, भाग्य, पुनर्जन्मको कुनै अस्तित्व भेटिन्न। आर्यजातिको एक शाखा हिन्दु धार्मिक प्राचीन ग्रन्थ वेद सिर्जनाकाल (श्रुति परम्परा र स्मृति परम्परा) सम्म पनि ईश्वरको अस्तित्व देखिन्न। हिन्दु धार्मिक चेतनाको उदय ५ हजार वर्षअघिसम्म धर्म कतै देखिन्न। वैदिक धर्मले कर्म-काण्डीय संस्कार मानेको देखिन्न। दैवीशक्तिको उदय सामन्ती समाजका उपजहरू हुन्। भाग्यवाद पौराणिक युग (पुराण लेखनयता) को उपज हो। अवतारवाद सबैभन्दा पछिल्लो धार्मिक कचरा र संस्कार हो। यसको अस्तित्व कायमै छ। १८ पुराणमध्ये गरुड पुराण पछिल्लो हो। जुन दानदातव्य असुल गर्ने कलुषित मनोकाङ्क्षाले रचना गरिएको छ, जसको रचना आजभन्दा १२-१४ सय वर्षपूर्वभन्दा टाढा छैन। यसमा व्याख्या गरिएका प्रसङ्ग, मनोविज्ञान, मनोकाङ्क्षा तथा शब्दचित्र वर्तमान समाजसँग सामयिक देखिन्छन्। यसमा पुरोहित र महाराजाहरूको स्वार्थको पूर्ति गर्नका लागि निर्धालाई तर्साएर मानसिक रूपले त्रस्त बनाएर अप्रत्यक्ष रूपमा भयानक लुटपाट गरिएको छ। सबै जाति, धर्म र भूगोलमा त्यसप्रकारका भ्रमात्मक संस्कार रहेका छन्। आदत, आनीबानीका रूपमा असचेत रूपमा मान्छेले अवलम्बन गर्दै आएको हर्कत संस्कार हो', (पृ. १३-१४)।

प्रस्तुत पुस्तक पढ्दै जाँदा पाठकमा बेग्लै किसिमको अनुभूति हुन्छ। सामाजिक तथा सांस्कृतिक रुग्णताका विरुद्ध पाठकलाई उद्वेलित गराउन सक्नु यो पुस्तकको सर्वाधिक महत्वपूर्ण पक्ष हो। '**जनवादी संस्कृति**' संस्कृतिका विषयमा शर्माले आफ्नो पुस्तकमा यसरी आफ्नो धारणा अगाडि सार्नुभएको छ, 'जनवादी संस्कृति कस्तो हुने भन्ने कुरा समाज विकासको चरणले निर्धारण गर्ने विषय हो। नेपाली समाज नयाँ जनवादी क्रान्तिको चरणबाट गुज्रिरहेको छ। त्यसैले नेपाल नयाँ जनवादी संस्कृति निर्माणको चरणमा छ। यो समाजवादी संस्कृति होइन तर समाजवादी संस्कृतिको अभिन्न अङ्ग हो; जुन सर्वहारा विश्वदृष्टिकोण र सर्वहारा संस्कृतिबाट निर्देशित छ। समाजवादी अर्थव्यवस्था (आधार) र राजनीति (अधिरचना) कायम नभएको भए पनि नयाँ जनवादी संस्कृतिमा समाजवादी संस्कृतिका लक्षणहरू देख्न सकिन्छ। जीवनप्रति आशावाद, श्रमप्रति निष्ठा, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको अवलम्बन पार्टी प्रतिबद्धता जनसेवाको भावना, समाजवादी मानवतावादको अनुशरण पुँजीवादी चेतना र व्यवहारका विरूद्ध दृढ सङ्घर्ष, देशभक्तिको भावना, अन्तर्राष्ट्रिय भाइचारा, जीवनमुखी चिन्तन आदि नयाँ जनवादी संस्कृतिका पक्षहरू हुन्। यसले अन्धविश्वास, रुढीवाद, पुरोहितवाद सबैको विरोध गर्दछ। भौतिक चिन्तन र विचार यसको दृष्टिकोण निर्माणको आधार हुने गर्छ। भौतिकवादी विश्वदृष्टिकोणले जीवन र जगत्का नियमहरूको अध्ययन गर्छ। विदेशी हस्तक्षेप, उत्पीडन र शोषणको विरोध गर्छ। देशका सबै जाति, लिङ्ग, क्षेत्र र सम्प्रदायका बीचमा आपसी भातृत्वको पक्षपोषण गर्ने भएका कारण नयाँ जनवादी संस्कृतिको स्वरूप राष्ट्रिय हुन्छ। राजनीतिक आन्दोलन जति-जति बलियो बन्दै जान्छ, त्यति-त्यति सांस्कृतिक आन्दोलन पनि बलियो बन्दै जान्छ। जनवादी संस्कृतिले प्रगति र न्यायिक पक्षलाई प्रोत्साहित गर्दछ। त्यसैले जनवादी संस्कृतिलाई समाजवादी संस्कृतिको सुढेनी भन्न सकिन्छ', (पृ. २२-२३)।

प्रस्तुत पुस्तक पढ्दै जाँदा पाठकमा बेग्लै किसिमको अनुभूति हुन्छ। सामाजिक तथा सांस्कृतिक रुग्णताका विरुद्ध पाठकलाई उद्वेलित गराउन सक्नु यो पुस्तकको सर्वाधिक महत्वपूर्ण पक्ष हो। "जनवादी संस्कृति" संस्कृतिका विषयमा शर्माले आफ्नो पुस्तकमा यसरी आफ्नो धारणा अगाडि सार्नुभएको छ, "जनवादी संस्कृति कस्तो हुने भन्ने कुरा समाज विकासको चरणले निर्धारण गर्ने विषय हो।




पहिलो खण्डमा उपर्युक्त शीर्षक रहेको आलेखका साथै, 'सिर्जनामा अन्तर्वस्तु र रूप', 'धर्म र कम्युनिस्ट', 'प्रगतिवाद र रचनाधर्मिता', 'कला, साहित्य र संवेदना', 'प्रगतिवादी साहित्य : लोकप्रियकरणको प्रश्न', 'इतिहास लेखनको नयाँ प्रयोग र जनपक्षधरता' र 'जनयुद्ध पक्षधर साहित्य र विद्रूपीकरणको प्रश्न' जस्ता महत्वपूर्ण शीर्षक-विषयमा शर्माले आफ्नो दृष्टिकोण पस्कनुभएको छ। यस खण्डमा रहेका लेखहरूले साहित्य र कला निश्चित राजनीतिक उद्देश्य पूर्तिका लागि सचेतन रूपमा सिर्जना गरिने विचारधारात्मक सङ्घर्षका औजार हुन् भन्ने कुरालाई राम्ररी नै प्रस्तुत गरेको छ। मार्क्सवादी कला-मूल्यका दृष्टिकोणले लेखक अनिल शर्माका यस खण्डमा रहेका सामग्रीहरूले वहन गरेका विचार भावोत्तजक रहेका छन् नै, यसले कतिपय सन्दर्भमा गम्भीर बहसको माग पनि गरेको छ। यसले कतिपय इतिहाससम्मत र कतिपय समकालीन परिस्थितिजन्य भावभूमिमा थप अनुसन्धान र बहसको थालनी गरेको छ।

मार्क्सवादी लेखक अनिल शर्माद्वारा लिखित '**समकालीन साहित्य र संस्कृति**' को दोस्रो खण्डमा समालोचनामूलक सामग्रीहरू रहेका छन्। यस खण्डमा 'बेलाइती दैनिकी' मा हरिहर खनाललाई नियाल्दा', 'खुला पत्र : अर्को महान् बहस र नेपाली क्रान्तिका समस्या', 'सार्थक हस्तक्षेप : वर्गसङ्घर्ष, बलिदान र दलित', 'ढकालका कवितामा बयल खेल्दा', 'गद्य विधामा इच्छुकलाई नियाल्दा', 'जनयुद्धका अनुभूतिमा गङ्गा श्रेष्ठ', 'जनयुद्धको आदर्श र शारदा स्मृति पुरस्कार', 'प्रगतिवादी साहित्यमा क्यान्टोन्मेन्ट र अरू कविताहरू', 'स्रष्टा शक्ति लम्सालको समालोचकीय व्यक्तित्व', 'सिर्जनात्मक पाटोमा सहिद रीतबहादुर खड्का', 'उषाजी, शब्दचित्र लेखिरहनुहोस् है', 'जनयुद्ध चियाउने आँखीझ्याल : उथलपुथलका दस वर्ष', 'युद्धका प्रतिबिम्बहरूभित्र विद्रोहका स्वर', 'युद्धसाहित्य र कविता, उत्खनन् : पुरातनविरुद्धको स्वर', 'संस्कृतिको सेरोफेरोमा पोखरेल', 'मदनमोहन जोशी : व्यक्तित्व र कृतित्व', 'सिर्जनामा राष्ट्रियता र गणतन्त्रको अभिव्यक्ति', 'देवकोटा, झिल्टुङ र कुञ्जिनी', 'आख्यान क्षेत्रमा बरालको बर्की नम्बर १३९९९', 'रसुवा र नुवाकोटमा सामना', 'कविता सागरमा 'इतिहास र लाल झा', 'राणा शासन, मकै पर्व र प्रगतिवाद', 'जगत बा : देशभक्तिका सतिसाल', 'वीरता र सुन्दरताको एउटा पुञ्ज', '१०८४ की आमा' मा जनयुद्धको खोजी', 'भावना र विचारको सुन्दर प्रस्तुति 'प्रियजनहरूको सम्झनामा', 'समरका स्मृतिहरू' मा जनयुद्धको जीवन्त गीत', 'चितवनका छन्दकवि चेतकान्त : एक दृष्टि', 'जनमनका कवि केवलपुरे किसान' जस्ता समालोचनात्मक आलेख रहेका छन्।

'**सिर्जनामा राष्ट्रियता र गणतन्त्रको अभिव्यक्ति**' यस खण्डमा रहेको महत्वपूर्ण सामग्री हो। यो समालोचनात्मक आलेखमा लेखाइको रागात्मक उचाइ प्रस्ट रूपमा देख्न सकिन्छ। यहाँ लेखकले आफ्नो समालोचकीय दृष्टिकोण यसरी प्रस्तुत गर्नुभएको छ, 'विगत केही वर्षदेखि फासिवादका विरुद्ध गणतन्त्रका पक्षमा सिर्जन-कार्य केन्द्रित थियो। यतिबेला राष्ट्रियतामाथिको खतरा बढेर गएका कारण नेपाली जनतामा गणतन्त्रको साथमा राष्ट्रियताको आन्दोलनमा सहभागी हुँदै गएका छन्। हाम्रो सिर्जन-कार्य जनताको सुख-दुःख तिनका पीडा, जनताका बीचमा एकता र तिनका वर्ग-चेतनालाई समृद्ध बनाउने दिशातिर उन्मुख हुनुपर्छ। तिनले जनतामा आशा दुश्मनप्रति घृणा र श्रमप्रति आस्था जगाउनुपर्छ। त्यसअर्थमा हाम्रो सिर्जन-कार्य वर्गसङ्घर्षको दिशा र दशाबाट पृथक रहन सक्दैन। त्यसैले त स्पेनका प्रसिद्ध कवि तथा सहिद फेदरियो गार्सिया लोर्काले भनेका थिए, "संसारलाई हल्लाइदिने यी दिनहरूमा हामीले जनतासँगै रुन र हाँस्न सक्नुपर्छ। यसको अर्थ जनताको चेतना र आवश्यकतालाई समृद्ध गर्ने दिशामा सिर्जन-कार्य अभिमुख गर्नु नै जनताको सेवा गर्नु हो भन्ने बुझ्नुपर्छ। यसबेला फेरि पनि सामन्तवाद र साम्राज्यवादले झन्डै ११ हजारभन्दा बढी सहिदहरूको अपमान गर्ने, जनयुद्धका उपलब्धिहरूको अपहरण गर्ने, तिनको न्यूनीकरण गर्ने र १९ दिने जनआन्दोलनको भावनामाथि तुषारापात गर्ने भयानक षड्यन्त्र गरिरहेका छन्। भयानक आँधी चल्नुअघिको सन्नाटा व्याप्त छ। सामन्तवाद र साम्राज्यवादको योजनामा गौरमा नेपाली आमाका महान् छोरा-छोरीहरूको सामूहिक हत्या गरिएको छ। देशी-विदेशी लुटेराहरूले जनताको विरुद्ध युद्धको घोषणा गरिरहेका छन्। यस्तो बेला हामी लेखक, कलाकार तथा सर्जकहरूले जनताका पक्षमा उनीहरूको अपेक्षा र सहयोगीका रूपमा सिर्जन-कार्यको तारो सोझ्याउन जरुरी छ। चिलीका प्रसिद्ध कवि पाब्लो नेरुदाले लोर्काको हत्याको खबर सुनेपछि भनेका थिए, "जब पहिलो गोलीले स्पेनको गितारलाई छिनाल्यो, जब सङ्गीतको ठाउँमा रगतको धारा बग्न थाल्यो, तब मेरा कविताहरू जनताका पीडाहरूको बाटोमा हिंड्न थाले र अचानक म दक्षिणको एकान्तबाट उत्तरतिर फर्किएँ। मेरो तरबार जनताको पसिना पुछ्ने रुमाल बन्यो र भोकका विरुद्ध सङ्घर्षको औजार बन्यो", (पृ. ११४-११५)।

विभिन्न आयातनका समालोचनात्मक सामग्रीहरू रहेको प्रस्तुत पुस्तकमा रहेको '**वर्गसङ्घर्षको प्रतिबिम्ब : क्रान्तियात्राका भरियाहरू**' मा लेखक शर्माले आफ्नो दृष्टिकोणलाई प्रखर तुल्याउनुभएको छ। कला-साहित्यको सत्ताको प्रश्न निकै महत्वपूर्ण प्रश्न हो। यो विषयमा विश्वभर ठूला-ठूला बहस भएका छन्। कला-साहित्यको सत्ताको प्रश्नमा उहाँ भन्नुहुन्छ, 'सत्ताका दुई रूपहरू हुन्छन्, जसलाई आत्मिक-सत्ता र भौतिक-सत्ता भन्न सकिन्छ। कला-साहित्य आत्मिकसत्ताको सशक्त रूप हो। त्यसैले कला-साहित्यले कुन विचारधाराको पक्षपोषण गर्ने भन्ने प्रश्न निकै महत्वपूर्ण विषय हो। जनताको वर्गसङ्घर्ष र उसको वैचारिक अस्त्र मार्क्सवादी सौन्दर्यचिन्तनलाई त्यसले समृद्ध बनाउन आवश्यक छ। त्यसैले प्रगतिवादी कलाकर्मीहरूले वैचारिक पक्षमा आफूलाई समृद्ध बनाउन आवश्यक छ। त्यसैगरी हाम्रा पुर्खाहरूले वर्गसङ्घर्ष, उत्पादनका लागि सङ्घर्ष र वैज्ञानिक प्रयोगका क्रममा विशाल ज्ञान-भण्डार आर्जन गरेका छन्। ज्ञानका सयौं शाखा र हजारौं उपशाखाहरू रहेका छन्। मानवजाति र पाठकहरू अध्येताहरूलाई पसुचेतबाट माथि उठाउन र समृद्ध पार्नका लागि मानवजातिले आर्जन गरेका ज्ञानहरू, जो उत्तरदानका रूपमा हामीले प्राप्त गरेका छौं; त्यसबाट पृथक हुनुहुँदैन। हाम्रो सिर्जना ज्ञानको भण्डार हुन आवश्यक छ। ज्ञानको भण्डारहरूको कलात्मक र सम्प्रेषणीय सिञ्चनबिना पसुचेतबाट मानवजातिलाई माथि उठाउने कुनै जादुको छडी छैन। त्योबिना मानवीकरण सम्भव छैन। त्यसैले प्रगतिवादी कला-साहित्यमा ज्ञानात्मक पक्ष अनिवार्य छ। त्यसै गरेर प्रगतिवादी सौन्दर्यचिन्तनमा सिर्जनाहरूमा सौन्दर्यात्मक पक्षको भूमिका अनिवार्य तत्वका रूपमा मानिन्छ', (पृ. ६१)।

यसअघि अनिल शर्माका 'सहिद परिचय माला', (भाग १, २०४९ र भाग २, २०५१), 'मनका खाडलहरू', (कवितासङ्ग्रह २०६०), 'अग्निपक्षीका गीतहरू', (कवितासङ्ग्रह २०६३), 'सम्झनामा भारतीय जेल', (संस्मरणसङ्ग्रह २०६५), 'रसुवामा दुखिरहेको कर्णाली', (लेखसङ्ग्रह २०६६), 'राष्ट्रियता र राप्ती दून', (लेखसङ्ग्रह २०६०) र 'चीन डायरी', (डायरी २०७२) प्रकाशित भइसकेका छन्। अनिल शर्माको पछिल्लो प्रकाशन '**समकालीन साहित्य र संस्कृति**' मा विभिन्न समय र सन्दर्भमा लेखिएका सिर्जनात्मक तथा समालोचनात्मक सामग्रीहरूको सङ्कलनका रूपमा रहेको प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत सामग्रीका ओजपूर्ण र खोजपूर्ण रहेका छन्। यस विषयमा अनिल शर्मा यसो भन्नुहुन्छ, 'रचनाहरू विभिन्न कालखण्डमा तयार गरिएका हुन्। वैचारिक, राजनीतिक परिवर्तनअनुसार तिनले आफ्नो समय र सन्दर्भको प्रतिनिधित्व गरेका छन् तर प्रगतिवादको मूलमर्मलाई तिनले अविछिन्न रूपमा पछ्याएकै छन्। रचनाहरूमध्ये धेरैजसोले शोधपरकभन्दा साहित्यपरक अर्थ राखेका होलान्', (प्राक्कथन)।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समितिले प्रकाशन गरेको तथा आकर्षक साजसज्जामा सजिएको मार्क्सवादी लेखक अनिल शर्माको प्रस्तुत पुस्तक '**समकालीन साहित्य र संस्कृति**' समकालीन साहित्यक र सांस्कृतिक चिन्तनधारात्मक एवम् विचारधारात्मक क्षेत्रको महत्वपूर्ण प्राप्ति हो।

९ माघ, २०७४

## कविता

### अस्वीकार

(सिरहाका चमारजातिले सिनो फाल्न अस्वीकार गरेपछि)


इच्छुक

उठ् भन्यौ उठेँ
बस भन्यौ बसेँ
हिंड भन्यौ हिडेँ
मेरो मालिक।

आजसम्म तिमीले मलाई
जे-जे आदेश दियौ
ती सबैलाई मैले शिरोपर गरेँ
तिम्रो इच्छाले म अछुत बनेँ
तिम्रो इच्छाले म दलित बनेँ
तिम्रो इच्छाले म अपहेलित बनेँ
तिम्रो इच्छा नै मेरो इच्छा बन्यो
मेरा मालिक
आजसम्म तिमीले मलाई
जे-जे बनायौ
अनिच्छापूर्वक म त्यही-त्यही बनेँ
तिम्रो भागमा तिमीले उच्च जात पार्‍यौ
तिम्रो भागमा तिमीले उच्च वर्ण पार्‍यौ
तिम्रो भागमा तिमीले उच्च वर्ग पार्‍यौ
तिमी सधैँ उच्च/तिमी सधैँ शुद्ध
तिमी सधैँ पूज्य
मेरा मालिक
तिम्रो नजरमा म सधैँ नीच ठहरेँ।
तिम्रा लागि घन ठोकेँ मैले
तिम्रा लागि सिनो बोकेँ मैले
तिम्रा लागि चर्पी सोहोरेँ मैले
मानिसलाई जातपात र वर्गहरूमा बाँडेर
मेरा भागमा तिमीले जे-जे तोक्यौ
मेरो मालिक
तिम्रो निर्देशनमा विवशताले हर-तुच्छ काम
रोजेँ मैले
ठूलाठूला महल बन्दा
महलहरूका निम्ति मेरो पसिना बगे
ठूला-ठूला मन्दिर बन्दा
मन्दिरहरूका निम्ति मेरो पसिना चढे
पौरख चढे/पुरुषार्थ चढे
मेरा मालिक
तर तिनै महल र मन्दिरका ढोकाहरू
मेरो निम्ति प्रवेश-निषेध ठहरेँ
तिम्रा हर-मेला पर्वमा
सधैँ म नै चाहिने
तिम्रा हर खुसी र उत्सवमा
मेरै श्रमको खाँचो पर्ने
तिम्रो खुट्टामा जुत्ता मेरै छ
तिम्रो शिरमा टोपी मेरै छ
तिम्रो अँगेनाको ओदानदेखि
भान्साका सारा सर्जामसम्ममा
मेरै हातका सीप र इलम छ
मेरो मालिक
सुन्दर वस्त्र र गहनाले
तिमीलाई सधैँ सजाइनँ कि मैले
दिनरात चाकडी र सेवा गरेर
तिमीलाई सधैँ रिझाइनँ कि मैले
सारा जीवन जीउले सकेसम्म
तिम्रा लागि भन के के गरिनँ मैले
तर त्यसको मूल्य
भन कसरी चुक्ता गर्‍यौ तिमीले ?
घाँटी-घाँटीसम्म अपमान दियौ तिमीले
टुप्पी-टुप्पीसम्म तिरस्कार दियौ तिमीले
'अछुत र दलित' को घृणित पगरी भिराएर
ज्यूँदै नर्कमा पुर्‍यायौ तिमीले
जब बुझेँ मैले तिम्रो कालो रीतिलाई
अपमानले तल निहुरेको मेरो शिर
आज स्वाभिमानले माथि उठाएँ मैले
फाल्नुपर्ने त दुष्ट चाल रहेछ
जब बुझेँ मैले बुझ्नैपर्ने कुरा
मेरा मालिक
तिम्रो आज्ञालाई तिरस्कार गरेँ मैले
आज सिनो फाल्न अस्वीकार गरेँ मैले।

# नेपालको सीमा व्यवस्थापन

सुदर्शनराज पाण्डे



नेपाल र ब्रिटिस इण्डियाबीच सुगौली सन्धी हुनु अघि नेपाल विशाल थियो र नेपालको भूभाग उत्तरम हिमाल चीनको तिब्बत, दक्षिणमा हाल भारतको भूभाग रहेको गंगा नदी, पश्चिममा सतलज नदी र पूर्वमा टिष्टा नदीसम्म थियो । शक्तिशाली सम्पन्न राष्ट्र भएकै कारण नेपालले चीन भोट र ब्रिटिस-इण्डियासँग लडाइ लडेको थियो ।

नेपाल र इष्ट इण्डियाकम्पनी बीचको सीमायुद्धमा नेपाल पराजय भएपछि ४ मार्च १८१६ मा भएको सुगौली सन्धीले तत्कालीन नेपालको भ्रण्डै एक तिहाइ भूभाग गुम्न पुग्यो । भारतमा शासन गरिरहेका अंग्रेज सरकार विरुद्ध सिपाही विरुद्ध समन गर्न जंगबहादुर राणा सहयोग गरे वापत अंग्रेज सरकारले १५ नोबेम्बर १८६० मा एक सन्धी मार्फत नेपालको गुमेको भूमाग मध्ये ९०२०७ वर्ग किमी फिर्ता गरेको थियो । त्यसपछि नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किमी कायम हुन पुग्यो । ब्रिटिसको उपनिवेशबाट स्वतन्त्र भएको भारत, इण्डिया हिन्दुस्तानले सन् १९५० मा नेपाल-भारतबीच भएको शान्ति तथा मैत्री सम्बन्ध (विशेष सम्बन्ध) वमोजिम सुगौली सन्धी अघि नेपालको कायम भएको सम्पूर्ण भूभाग अन्तर ाष्ट्रिय कानून अनुसार स्वस्फूर्त, निशर्त फिर्ता गर्नु पर्दछ । विशाल नेपालको अभियन्ता फणिन्द्र नेपालले सुगौली सन्धी अघि गुमेको सम्पूर्ण नेपाली भूभाग भारतबाट फिर्ता लिन देशव्यापी आन्दोलनको नेतृत्व गरी रहनु भएको छ । सम्पूर्ण देशभक्त नेपाली जनता र राजनीति शक्तिहरूले सन् १९५० को नेपाल-भारतबीचको असमान शान्ति तथा मैत्री सन्धीको खारेजीको भोग गर्दै भारतीय विस्तारवाद मुर्दावाद ! को नारा घन्काउँदै आइरहेको छ । भारत परस्तवादीहरू राष्ट्र निर्माता गोर्खाका राजा श्री ५ पृथ्वीनारायण शाहको नेपाल विस्तार नीति (एकीकरण)को विरोधमा उत्रिरहेको छ । राजा पृथ्वी नारायण शाह र हामी नेपालीका पुर्खाहरूको योगदान स्वरूप आजको आधुनिक नेपाल विश्वमान चित्रमा अंकित भएको पाएका छौं । चन्द्र-सूर्य रहेसम्म चन्द्र सूर्य अंकित राष्ट्रिय भ्रण्डा नेपालमा फरफराइ रहने दृढ विश्वास सम्पूर्ण देशभक्त नेपालीले लिएका छन् । सन् १९५० को असमान सन्धी पश्चात नेपालप्रति भारतको नीति र दृष्टिकोण प्रभावमा पार्ने, अवाञ्छित हस्तक्षेप गर्ने, अनावश्यक निगरानी र नियन्त्रण गर्ने, अनुचित दबाब दिने, नेपालको वचेखुचेको भूभागमा निरन्तर सीमा अतिक्रमण गरी नेपाललाई अझ खुम्च्याउने, सके सिक्किम विलय गराए झैं नेपाललाई भारतमा विलय गराउने, नसके स्वतन्त्र राष्ट्र भूटानलाई आफ्ना सुरक्षा छाताभित्र राखेझैं नेपाललाई पनि राख्ने, नेपालमा भारत परस्तवादीहरूको जालो फैलाउने, नेपाल र नेपालीलाई नाकाबन्दी गरी सास्ती दिइ रहने, सीमा विवादको खिचलो निकालेर नेपालको उन्नति, प्रगति र समृद्धि हुन नदिन अवरोध पुऱ्याइ रहने छ । नेपालका शासन सत्तामा रहेका मानिसहरू भारतपरस्त बन्दै जाने क्रम छ । राष्ट्रवादी शक्तिहरूमाथि भारत र नेपालका शासक प्रशासकले एकैसाथ दमन गरिरहेको अवस्था छ । वास्तवमा नेपाल सानो देश होइन । प्राकृतिक साधन स्रोतले सम्पन्न धनी देश हो । विश्वका शक्तिशाली राष्ट्रहरूले नेपालमा संचित प्राकृतिक साधनको भण्डारमाथि आँखा गाडेर नेपालमा राजनीतिक र कुटनीतिक अस्थिरता पैदा गराइरहेका छन् । नेपालीहरूको एकतामा खलल र नेपाली राष्ट्रियतामा आँच पुऱ्याउने काम अराष्ट्रिय तत्वहरूले विदेशीको निर्देशनमा गर्दै आइरहेका छन् जसले गर्दा नेपालको स्वाधीनता र नेपाली स्वाभिमानमाथि खतराको घण्टी बजिरहेको छ । नेपाली आकाशमा विदेशी स्वार्थको कालो बादल मडारीरहेको छ । नेपालै नरहने हो कि भन्ने पिरलो पनि बढेको छ ।

नेपालको उत्तरी छिमेकी चीनसँग १४३९ किमी लामो सीमा रेखामा खासै विवाद छैन । तर तीनतिर सीमाना जोडिएको भारतसँग विवादै विवाद र तनावपूर्ण सम्बन्ध छ । भारतसँग गाँसिएको १८८० किमी लम्बाइमा पर्ने नेपालको २६ मध्ये २३ जिल्लाका ७३ स्थानमा भारतले अतिक्रमण र बादविवाद गरेको

> *सन् १९५० को असमान सन्धी पश्चात नेपालप्रति भारतको नीति र दृष्टिकोण प्रभावमा पार्ने, अवाञ्छित हस्तक्षेप गर्ने, अनावश्यक निगरानी र नियन्त्रण गर्ने, अनुचित दबाब दिने, नेपालको वचेखुचेको भूभागमा निरन्तर सीमा अतिक्रमण गरी नेपाललाई अझ खुम्च्याउने, सके सिक्किम विलय गराए झैं नेपाललाई भारतमा विलय गराउने, नसके स्वतन्त्र राष्ट्र भूटानलाई आफ्ना सुरक्षा छाताभित्र राखेझैं नेपाललाई पनि राख्ने, नेपालमा भारत परस्तवादीहरुको जालो फैलाउने, नेपाल र नेपालीलाई नाकाबन्दी गरी सास्ती दिइ रहने, सीमा विवादको खिचलो निकालेर नेपालको उन्नति, प्रगति र समृद्धि हुन नदिन अवरोध पुऱ्याइ रहने छ ।*

छ । पछिल्लो पटक भारतले नेपालको पर्सा जिल्ला, वीरगंज महानगरपालिकाको छपकैया क्षेत्रमा सीमा स्तम्भ पुर्स्थापना, निर्माण र मर्मतका नाममा साविकको नेपाली भूभाग स्थानीय जनताको खेत, खेलमैदान, श्मशानघाटमा खाल्डो खनेर धमाधम नयाँ सीमास्तम्भ गाडीरहेको छ । यसको चौतर्फी विरोध भइरहेको छ । विप्लवले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी, जिल्ला संगठन समिति मार्फत भारतीय अतिक्रमण विरुद्ध एक प्रेस विज्ञप्ति मार्फत नेपाल-भारत संयुक्त सीमा सर्भेक्षण टोलीले जनताको विरोधको वावजुद जवरजस्ति सीमा स्तम्भ गाड्ने काम तत्काल स्थगित नगरे स्थानीय जनता साथमा लिएर भारत विरोधी आन्दोलन चर्काउन चेतावनी दिएको छ ।

सीमाविद तथा पूर्व नापीविभागका महानिर्देशक बुद्धिनारायण श्रेष्ठको अनुसार नेपाल-भारत बीच सुगौली सन्धी अगाडी 'क्लोज्ड वोर्डर सिष्टम' थियो भने सन् १८६० (भारतीय सिपाही विद्रोह) नेपाल-भारत खुला सिमाना व्यवस्था गरेको पाइन्छ । भारत स्वतन्त्र भएपछि र वि.सं. २००७ (सन् १९५१) पछि सिमाना अझ खुला भएको, वीरगंज काठमाडौं जोड्ने त्रिभुवन राजपथ नेपालको प्रमुख प्रवेशद्वार बनेपछि खुला सिमाना व्हाङ्गै भएको छ । सेप्टेम्वर ११ पछि भारतीय सीमामा पारा मिलिटरी फोर्स राख्नुले व्यवहारतः सिमाना पूर्णरूपतः खुल्ला गर्न हुन्न भन्ने आशय भारतको रहेको देखिन्छ । नेपालको दार्चुलाले पनि हाल 'मल्टि इष्ट्रि परमिट' परिचय पत्र वितरण गरेको छ । हालै आएर भारतले नेपाल-भारत सीमालाई सेक्युरिटी सेन्सिटिभ अण्डर अब्जरभेसन र नर्मल गरी ३ भागमा बाँडेर सीमा व्यवस्थान गर्दै आएको छ ।

नेपाल-भारतबीचको खुल्ला सिमाना वरदान नभएर अभिशाप बनेको छ । खुल्लासिमाना बन्द गरी राहदानी लगाउन र नेपालमा बसोवास गरीरहेका भारतीय आप्रवासीले झुक्याइ लिएका नेपाली नागरिकता पत्र खारेज गर्न नेपाली राष्ट्रवादी स्वार्थलाई रक्षा गर्ने दृष्टिले अति जरुरी छ । सुगौली सन्धीदेखि सन् १८५० सम्मका सबै नक्सामा काली नदी प्रष्ट उल्लेख थियो । सर्भे म्याप अफ इण्डियाले आफू अनुकूलको नक्कली नक्सा बनाइ नेपाली भूभाग हडप्ने सुनियोजित षडयन्त्र गरी रहेको छ । धेरै वर्ष यतादेखि नेपाल-भारत संयुक्त सीमा सर्भेक्षण टोलीद्वारा जारी सीमा स्तम्भ गाड्ने काम निकै सन्देह र विवादस्पद छ । खास गरी स्तम्भ थुप्रै ठाउँबाट भारतले गायब गरेको छ । नेपालमा राजनीतिक संक्रमण र राजनीति अस्थिरता बढेको बेला नेपालको सीमा अतिक्रमण र नाकाबन्दी गर्ने उसको नियतले दुष्ट छिमेकीको उदाहरण प्रस्तुत भएको छ । हाल पुनरावलोकनको लागि छलफल भएको सन् १९५० को असमान सन्धी पूर्ण रूपमा खारेज गरी नयाँ सन्धी गर्न अनिवार्य छ ।

## प्रकाशनद्वारा शर्माको ...

ई-रातो खबर अनलाईनका निर्देशक रहेका विरहीलाई शुक्रबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी बिदाई गरिएको हो । रातोखबर साप्ताहिकका संस्थापक तथा प्रकाशन गृहका नवनियुक्त निर्देशक गुणराज लोहनीले खादा ओढाएर विरहीलाई बिदाई गरेका हुन् । बिदाई भएर नयाँ जिम्मेवारीमा जाँदै गरेका निवर्तमान निर्देशक विरहीले शुरुवाती चरणमा कमैले विश्वास गरेको रातो खबर प्रकाशन गृहले दुई वर्षको अवधिमा राम्रो प्रगति गरेको अनुभुति राखे । आजको युगमा संचारको महत्व दिन प्रतिदिन बढिरहेकोले जनपक्षीय सुचना र विचार प्रवाह गर्ने काममा रातोखबर निरन्तर लागिरहेको बताउँदै विरहीले प्रकाशन गृह संचालनको अवधिमा निकै कष्ट बेहोर्नु परेको अनुभुति ब्यक्त गरे । उनले प्रकाशन गृहसँग सम्बन्धित कसैले पनि निजी संचार माध्यम चलाउन नपाईने प्रकाशन गृहको निर्णय दुरगामी महत्वको रहेको दाबी गरे । रातो खबर प्रकाशन गृहका सदस्यहरू सहभागी बिदाई कार्यक्रमको अध्यक्षता निर्देशक गुणराज लोहनीले गरेका थिए भने संचालन प्रबन्ध निर्देशक भिम चापागाईले गरेका थिए ।

## विवादित सीमाक्षेत्र ...

थालेका छन् । हालै भु-उपग्रहमार्फत लिइएको एउटा तस्वीरमा विवादीत क्षेत्र दोक्लाममा चिनले सैन्य संरचना निर्माण गरिरहेको देखिएको छ । उक्त विषयमा प्रतिक्रिया दिंदै चिनिया विदेश मन्त्रालयकी प्रवक्ता लु काङले डोक्लाम चिनको भु भाग भएको र सधै रहने बताउदै त्यहा आफनो देशले सडक बनाउनु वा कुनै पनि गतिविधि गर्नु जायज भएको बताएकी छिन । यस अघि विवादीत सिमाक्षेत्र दोक्लाममा दुई देशका सेना आमने सामने भएको र त्यहा निकै तनावपूर्ण अवस्था रहेको भएपनि दुवै देशले आ-आफना सेना फिर्ता गरेपछि तनाव साम्य भएको थियो । तर पछिल्ला केही दिन यता फेरी दुई देशबिच तनाव उत्पन्न हुन थालेको बताईन्छ । यद्यपी विगतमा भएका कैयौं सुरक्षा सम्झौताहरूको कारण दुवै देशले संयमता अपनाएकोले तनावको खबर संचार माध्यमहरूमा चर्चा भइरहेको छैन ।

## विप्लवद्वारा पार्टीपंक्ति ..

छ । साथै नेकपाले अभियानको अवधिमा प्रचण्ड बाबुरामले क्रान्तिकारी धारलाई बिचल्लीत पारेका भन्दै नयाँ र क्रान्तिकारी धारलाई सुदृढ बनाउन देशभक्त एवं क्रान्तिकारी जनसमुदायका विचमा ब्यापक धुवीकरण कार्यक्रम गर्ने पनि जनाएको छ । साथै जनयुद्धकालदेखिनै स्थापित भएका शहिद सप्ताह लगायतका विभिन्न दिवसहरू पनि तिन महिने अभियानकै क्रममा मनाउने सो पार्टीले बताएको छ ।

## भ्रष्टाचार गर्नेमाथि ...

गर्ने बताएको छ । विकासका कुनै पनि पूर्वाधार नै नभएका ठाउमा विकासमा नाममा सरकारी कोषको रकम अनियमितता भएको जनगुनासो आएको नेकपाका कार्यकर्ताहरूले बताएका छन् । यसैबिच एमाले र माओवादी केन्द्रका तीन दर्जन बढि जिल्ला स्तरीय नेता कार्यकर्ताहरू आफनो पार्टीमा प्रवेश गरेको पनि नेकपा सल्यानले जनाएको छ । यस्तै एक अर्को समाचार अनुसार हुम्ला र मुगुका लागि पठाइएको खाद्यान्नमा दोहोरो कर उठाएर जनतालाई मारमा पारेको भन्दै नेकपाका कार्यकर्ताले खाद्यान्न ढुवानी रोकिदिएका छन् । उनीहरूले स्थानियबाट उठाउने दोहोरो कर बन्द गर्न माग गर्दै नुन चामल लगायतका खाद्यान्न सामाग्री बोकेका तिनसय भन्दा बढि खच्चड बिचबाटोमै रोकिदिएका छन् । स्थानीयलाई मर्का पर्ने गरी लागु गरिएको दोहोरो कर प्रणाली हटाएपछि मात्र ढुवानी गर्न दिने नेकपाका स्थानीय कार्यकर्ताहरूको भनाई छ ।

## संसदीय अन्तर्विरोध ...

उनीहरूले नै भन्दै आएका कानुनी राज्य र संविधानको खिल्ली उडाउँदै आफ्ना अनुकुलका निर्णयहरू गर्दै आएका छन् । पछिल्लो चरणमा मन्त्रीमण्डलले प्रदेश राजधानी र प्रमुख तोकेका कारण देश नै आन्दोलित हुन पुगेको छ । यो सरकारले पूर्वपञ्च, ज्ञानेन्द्रका पालाका मन्त्रीहरूलाई प्रदेश प्रमुख तोकेर यो व्यवस्था पनि पुरानै व्यवस्थाको निरन्तरताभन्दा फरक रहेनछ भन्ने पुष्टि भएको छ ।

दलाल संसदीय व्यवस्थाअन्तर्गत रहेर घोषणा गरिएको प्रदेश बनावट र राजधानी घोषणा एकातिर दुर्गम क्षेत्रका जनतालाई अपायक र असुविधा हुने भएको छ भने अर्कोतिर भारतीय सत्तापक्षको ठाडो निर्देशनमा सिमानामा राजधानी तोकेकाले राष्ट्रियतामाथि खतरा हुने अड्कल भइराखेको छ । यिनै कारणहरूले प्रायः घोषित सबै राजधानीसम्बन्धी निर्णयविरुद्ध आन्दोलन भइरहेका छन् । प्रत्येक राजधानीको वैकल्पिक स्थानहरूमा बन्द हड्ताल गर्न जनता बाध्य छन् ।

अहिलेको व्यवस्थाको यिनै कमजोर पक्षको मौका उठाउँदै यहाँका संसदीय पार्टीहरूमा खेल्न थालेको छ । साथै, नेपाली भूभागमाथि आँखा गाडिरहेको छ । उसले भर्खरै मात्र पर्साको छपकैयामा ५० विगाहभन्दा बढी नेपाली जमिन मिचेको छ । भारतको यो रवैया र राष्ट्रघातका विरुद्ध आन्दोलन हुन थालेपछि सरकारले बाध्य भएर नापी विभागलाई स्थलगत अध्ययन गर्न पठाएको थियो । उक्त टोलीले त्यो जमिन भारतकै भएको झुटो रिपोर्ट पेश गरेर भारतको नाङ्गो दलाली गर्नुका साथै, राष्ट्रघात गरेको छ । भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर मोदी एकातिर एमाले र माओवादी केन्द्रको सरकार नबनोस् भन्ने षड्यन्त्रमा लागेका छन् भने केपी ओलीलाई हप्ताको एकपटक फोन गरेर आफ्नो नियन्त्रणभित्र राखेर सरकार बनेपछि राष्ट्रघात गराउने प्रपञ्चमा छन् । यसरी केपी ओलीको नेतृत्वमा नयाँ सरकार बनिहाल्यो भने उसले सरकारारोहण गर्नेबित्तिकै अको राष्ट्रघात गर्नैपर्ने अवस्था सिर्जित हुँदैछ । यसबाट कथित वामगठबन्धनको सरकारले थप अन्तरविरोध झेल्नुपर्ने कुरा स्पष्ट नै छ ।


अहिले सबै संसदीय पार्टीहरू आफैभित्रको अन्तरविरोधले गाँभिएका छन् । गत असोजमा पार्टी एकता र वाम तालमेलले भनेको एमाले र माओवादी केन्द्रबीच अहिलेसम्म एकता हुने कुनै सम्भावना देखिएको छैन । उनीहरूका बीचमा विचार/राजनीति विषयभन्दा पनि पद र संगठनलाई लिएर आ-आफ्नै पार्टी र एकअर्कामा कुरा मिलेको छैन । अर्कोतिर एमाले र माओवादी केन्द्रबीचमा कुनै पनि हालत एकता नहोस् भनी भारत र पश्चिमा मुलुकहरू लागिपरेका छन् । पद, प्रतिष्ठालाई लिएर एमाले र माओवादी केन्द्रका नेता र कार्यकर्तामा तीव्र असन्तुष्टि, नेतृत्वप्रति आक्रोश पैदा भइराखेको छ । यी दुवै पार्टीहरू एकता गर्नेभन्दा पनि कहिले फुट्ने भन्ने संघारमा रहेका छन् ।

नेपाली काङ्ग्रेसको चुनावी समीक्षा बैठकमा नेतृत्वको आलोचना र राजिनामाको माग आइरहेको छ । नेपाली काङ्ग्रेस इतिहासकै कमजोर पार्टी बन्न पुगेको छ । त्यसभित्र घात/अन्तर्घात तीव्र भएको छ । संसदीय व्यवस्थाको खम्बा कहलाएको नेपाली काङ्ग्रेस पार्टी पनि फुटको संघारमा छ । पञ्च पार्टीहरू चुनावी परिणामका कारण झन् कमजोर हुन पुगेका छन् ।

यसरी समग्रमा हेर्दा संसदीय व्यवस्थाको स्थायित्वभन्दा पनि विघटनतिर धकेलिइरहेको छ । त्यस व्यवस्थाका खम्बाहरू पनि सर्वाधिक मक्किरहेका छन् । यस्तो अवस्थामा जनताले नयाँ विकल्प खोज्न थालेको देखिन्छ । संसदीय व्यवस्थाभित्रको चरम संकट र पार्टीहरूमा देखिएको अराजकताका कारण नेपालमा स्थायित्व, समृद्धि र शान्तिका लागि नयाँ क्रान्तिको आवश्यकता अपरिहार्य भएको छ ।

सस्तो, सुलभ र गुणस्तरीय
निर्माण सामाग्री चाहिएमा
हामीलाई सम्झनुहोस् ।
प्रो. हरिबहादुर लामा
लामा ट्रेड एण्ड सप्लायर्स
बसुन्धरा चौकी, (होराइजन २ नं. गेट जाने बाटोमा)
टोखा नगरपालिका, काठमाडौं
सम्पर्क : ९८४९८२०८१४

हार्दिक शुभकामना
जनपक्षीय साप्ताहिक
रातोखबर ले राष्ट्रियता, जनतन्त्र र
जनजीविकालगायत समसामयिक विषयमा
नियमित सत्य तथ्य खबर सम्प्रेषण गरिरहेको र
आगामी दिनमा पनि यसको निरन्तरता, सफलता
र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
उमेश सिके
अध्यक्ष
ड्राइभिङ स्कुल संघ, कास्की



हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क ३२, पूर्णाङ्क १२७ रातो खबर

नियमित

# हिरासतमा मेरा २६ दिन


टीकादेवी राई

पाँचथरको लुङरूपा (२००० मीटर) मा २०७४ कार्तिक ३० गतेको दिन चिसो चिसो सिरेटो चलिरहेको थियो। सूर्य दक्षिणतिर लागेको हुनाले मधुरो घाम लागेको थियो। सबै कक्षामा पढाइ चलिरहेको थियो। म कक्षामा पढाइरहेकी थिएँ। कक्षाकोठामा नै ड्रेसमा रहेका पुलिसहरू एक्कासी प्रवेश गरे। मैले एकदमै छोटो समयमा सोचें यिनीहरू किन कक्षा कोठामा नै आए भनेर। तर उनीहरू मलाई नै लिन आएका रहेछन्। म अचम्मित भएँ। मैले के अपराध गरेको छु र पुलिस मलाई गिरफ्तार गर्न आयो मलाई नै थाहा भएन। एकजना पुलिसले "तपाईलाई फिदिम जिप्रकामा डिएसपी साबले भेटन बोलउनु भएको छ। हामी लिन आएका छौ जाऔं" भनें। जाडो भएकाले न्यानो लुगा लगाउनु पर्छ भनेर मैले घर जानुपर्छ भनें। घर नजिकै थियो। उनीहरूले मानें। घरमा गएर न्यानो कपडा लगाएँ। दुवै छोराहरू पढ्न काठमाडौं गएकाले म घरमा एक्लै थिएँ। त्यसैले घरका झ्याल र ढोका बन्द गरें। बाहिर निस्किएपछि एकपटक घरलाई हेर्न मन लाग्यो। साँझ परिसकेको थियो। घरलाई हेर्दै अगाडि बढें।

मलाई गिरफ्तार गर्न आएका पुलिसले यतिबेलासम्म किन समातेको कारण भनेका छैनन्। तर मैले लख काटिसकेकी थिएँ। म नेपाल शिक्षक महासंघको राष्ट्रिय महिला उपाध्यक्ष हुँ। अखिल नेपनल शिक्षक संगठनको तर्फबाट प्रतिनिधित्व गर्दछु। मलाई आस्थाकै आधारमा गिरफ्तार गरेको हो भन्ने मैले बुझेकी थिएँ। तरपनि म कुनै राजनैतिक कार्यक्रममा सरिक थिएन। तर यहाँ संसदीय राजनैतिक पार्टीप्रति आस्था राख्ने शिक्षहरूले पढाउन छोडेर कुनै पार्टीको कार्यकर्ता भएर दैनिक भाषण गरेर हिड्न छुट छ। मैले कक्षा कोठामा नियमित शिक्षण गर्दा पनि फरक आस्था राख्दा गिरफतार गरियो। यो देशको संविधानमा राजनीतिक स्वतन्त्रताको कुरा लेखिएको छ। तर नागरिकले आस्था राख्न नपाउने यही हो लोकतन्त्र ? नियमितरूपमा विद्यालय गई शिक्षण गर्नु मेरो गल्ति थियो ? लोकतन्त्र, प्रजातन्त्रमा आफ्नो विचार राख्नु के अपराध हो ? यिनै कुराहरू सोच्दै अघिपछि पुलिस लगाएर फिदिमको यात्रामा हिडें।

फिदिम जाँदै गर्दा घाम डाँडापारी डुब्दै थियो। खेतवारीमा काम गरेर घर फर्किंदै गरेका गाउँघरका दिदी, बहिनी, दाजुभाईहरू मलाई हेरिरहेका थिए। कोही झयालबाट कोही स्कुलको चौर डिलमा लाइन लागेर विद्यार्थीले मलाइ हेरिरहेका थिए। जीवनको यस्तो क्षण बन्यो जुन कहिल्यै नबिर्सिने खालको। मलाई श्रीमानको याद आयो। उहाँ यही महादेव गुप्तेश्वर माध्यमिक विद्यालय लुङरूपाको निमावि दरबन्दीको शिक्षक हुनहुन्थ्यो। अहिले म यसै विद्यालयमा शिक्षिका छु। मेरो श्रीमान संसदीय व्यावस्थाले जनताको हित गर्दैन। श्रमजीवी जनताको मुक्तिको लागि सामन्तवादी राजतन्त्रात्मक व्यावस्थको अन्त्य गरी जनवादी व्यावस्थाको स्थापना गर्नुपर्छ भन्नुहुन्थ्यो। त्यतिवेला जनयुद्द उत्कर्षमा पुगेको थियो। तत्कालिन शाही सेनाले २०५८ साल भदौ २ गते घरको आँगनबाट गिरफ्तार गरी यही स्कुलको चौरमा लगेर गोली हानेर उहाँको हत्या गरेको थियो। अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन मेरो श्रीमान जस्तै हजारौ नेपाली आमाको छोराछोरीले बलिदान गरेका छन्। २०४७ सालको संविधान विश्वकै उत्कृष्ठ संविधान हो। बहुदलीय व्यावस्था र संवैधानिक राजतन्त्र अपरिवर्तनिय छ भन्ने दल र त्यसका नेताहरू अहिलेको शासन सत्तामा छन्। जनताको आर्थिक र समाजिक जीवनमा कुनै परिवर्तन आएको छैन। लोकतान्त्रिक गणतन्त्रको नाममा पुरानै व्यवस्थाको अभ्यास भइरहेको छ। जसले राजनीतिक परिवर्तनको लागि आफ्नो जीवन बलिदान गऱ्यो, आज उसैको परिवार जेल जानु पर्ने ? यो कस्तो लोकतान्त्रिक गणतन्त्र हो ? आस्थाको आधारमा निर्दोष महिला शिक्षकमाथि यो राज्यले गरेको रवैयालाई कसरी हेर्ने ?

करिब ७ : ३० बजे तिर सदरमुकाम फिदिम आइपुगियो। मेरो पखाईमा यस जिल्लाका सीडीओ साहेब बसेका रहेछन्। उनले यहीँ जिल्ला प्रहरी कार्यालयमा जानकारी थिए। तर उनले किन मलाई गिरफतार गरियो भन्ने कारण सुनाएनन्। एकान्त कोठा अनि त्यो रात एक्लै बस्नुपर्ने मेरो बाध्यता थियो। नयाँ ठाउँ, नयाँ परिवेशमा बस्नुपर्दा आफ्नै छायाँसगँ अनेक कुरा गर्दै रातको दोस्रो प्रहरसम्म टोलाएँ। त्यो रात असाध्यै पिंडा दायक भयो। विभिन्न सोच चिन्तन र उपियाँ र उडुसको टोकाइले रातभरी निद्रा लागेन।

रातभरी नसुतेकोले मलाई भोलीपल्ट दिनभरी जीऊ सन्चो भएन। म गिरफ्तार भएको सुनेर मेरा शुभचिन्तक र साथीहरू भेट्न आए। उनीहरूसँगको कुराकानीले आनन्दको महसुस भयो। सोही दिनको करिब २ :३० बजेतिर संघ/संस्था, मानव अधिकारकर्मी साथै विभिन्न राजनीतिक दलका स्थानीय जिल्लाका नेताहरू सहयोगले उक्त समस्याबाट छुटकरा पाएँ। धेरै खुशी भएँ। भोलीपल्ट घर जाने तयारीमा थिएँ। मेरो कान्छी बहिनीको विहे नजिकै आइरहेको थियो। मेरो दुवै भाइहरू घरबाहिर भएकोले अभिभावकको काम आफैले निर्वाह गर्नु थियो।

तर बिडम्बना ! मलाई छाडेको केही समय बित्न नपाउदैं पुनः पत्राउ गरियो । मैले अलिपछि मात्र थाहा पाएँ। निर्वाचन खारेज आभियानको सक्रिय कार्यकर्ता भनेर पत्राउ गरेको रहेछ। सरकारको आधिकारीक संस्था नेपाल शिक्षक महासंघको राष्ट्रिय समितिको महिला उपाध्यक्ष हुँ। कक्षा कोठाको नियमित शिक्षण गर्ने शिक्षक हुँ। सायद मलाई यो कुराको कुनै जानकारी नै थिएन। एक्कासी यत्रो ठूलो उपाधि पाएकोमा अचम्म लाग्यो। केही हदमा भने खुशी पनि भएँ। यसरी पुन पत्राउ परे पनि विभिन्न निकाय, शिर्ष नेता, अधिकारकर्मीबाट मेरो विषयमा छलफल चलिरह्यो। तथापि जिल्लाका प्रमुख व्यक्तिहरूले सकारात्मक सोच देखाएपनि क्षेत्रीय प्रशासन कार्यलयले नछोड्ने कुरा आएपछि पुसिस हिरासतमा बस्नुपर्ने भयो। एकदमै पिंडा भयो। मुख्य कुरो मेरी कान्छी बहिनीको विहेको सुअवसरबाट टाढा भइरहँदा अनि विविध व्यवहारिक समस्याको कारण मेरो मनमा पिंडा पर्नु स्वभाविक थियो। यदाकदा सुन्ने गरेकी थिएँ हिरासतमा बढो कष्टपूर्ण तरिकाले बस्नु पर्ने हुन्छ भनेर आज आफैले भोग्नु पऱ्यो।

केही दिन पछि एकजना तारा राई बहिनीलाई निर्वाचन विरोधी भनेर पत्राउ गरेर ल्यायो। त्यसपछि महिला हिरासतमा दुई जना भयौं। कुरा गर्न सजिलो भयो। २६ दिन हिरासतमा बसेको अवस्थामा दिनप्रतिदिन मेरा शुभचिन्तक साथीहरूको भेटले मलाई दिन बिताउन धेरै सहज भएको थियो। तर समय समयमा भने आफ्नो परिवारिक सम्झनाले भने असाध्यै पिंडा हुन्थ्यो। उक्त पिंडाले गर्दा आफै भित्र प्रश्नोत्तर गरी धेरै रुन्थैं। एकजना श्रष्टाले पुस्तक ल्याइदिनु भएको थियो-"महको म"। उक्त पुस्तकका पाना पाना पढ्दै पढ्दै जादा मैले आफुलाई सहज तरिकाले बुझे, कहिले कहिले त पढ्दै जानेक्रममा थाहा नपाई नै आशु बग्ने गर्थो। फेरी आफुलाई संयमित हुन्थैं। यसरी नै विभिन्न पत्र पत्रिका अन्य पुस्तक पढेर दिन विताउथैं। पुरुष हिरातमा केही साथीहरूलाई राखेको थियो। उहाँहरूसँग देखादेख हुन्थ्यो। तर कुरा हुदैन्थ्यो।

राज्यले आस्थाका आधारले दमन गरेर आस्था मर्दैन, झन स्पातिलो हुने रहेछ। म जस्तै आस्थाका आधारमा देशैभरि दर्जनौ शिक्षकलाई पत्राउ गरेको रहेछ। आज शिक्षक कर्मचारीका समस्या जस्ताका त्यस्तै छन्। शिक्षक कर्मचारीको ट्रेडयुनियन अधिकार खोसिदैं छ। शिक्षाको दायित्वबाट राज्य पन्छिदैछ। शिक्षामा निजीकरण र व्यापारीकरण बढिरहेको छ। वर्षेनी हजारौ युवाशक्ति विदेश पलायन भइरहेको छ। शिक्षा सामान्य जनताको लागि "आकाश फल आखाँ तरी मर" भन्ने स्थिति छ। यस्तो परिस्थितिमा शिक्षामा आमुल परिवर्तन गर्न र शिक्षकको पेशागत अधिकारका लागि एकमत हुन जरुरी छ। शिक्षक माथि राज्यले गर्ने व्यबहारले आस्था कमजोर होइन झन मजवुत हुन्छ। २६ दिनसम्मको हिरासत बसाई पछि मंसिर २४ गते तारेखमा रिहाइ भइयो। अन्तमा हिरासतमा मलाई भेटेर विभिन्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद।

# वैकल्पिक शक्तिको रूपमा नेकपा स्थापित : सुदर्शन

■ रातो खबर संवाददाता/



नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्य केन्द्रीय कमाण्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन'ले प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचन पछि आफनो पार्टी क्रान्तिकारी बैकल्पीक शक्तिको रूपमा स्थापित भएको वताएका छन्। नेकपा उपत्यका ब्यूरोले सोमवार काठमाण्डौंमा आयोजना एक कार्यक्रममा बोल्दै उनले राज्यब्यवस्थाको बारेमा जानकार बुद्धिजिवि कृष्ण खनाल, पूर्व सैनिक जनरल प्रेम बस्न्यात लगायतले नेकपा अव बैकल्पिक शक्तिको रूपमा उदाएको विश्लेषण गर्नु यसको एउटा उदाहरण भएको बताए।

विचारधारात्मक तथा राजनैतिक रूपले संसदीय व्यवस्थाका विकल्पमा रहेको आफनो पार्टीले भनेजस्तो समाजवाद स्थापनापश्चात क्षमताअनुसारको काम र आवश्यकताअनुसारको मामको व्यवस्था हुने वताउदै सुदर्शनले वैज्ञानिक समाजवाद नै मानवजातिको सर्वोत्कृष्ट व्यवस्था भएको पनि वताए। उनले एमाले माके गठबन्धनले सस्तो लोकप्रियताको लागि चुनावमा भोट माग्दा अघि सारेका शान्ति, समृद्धि र विकासको नारा अलपत्र परिसकेको समेत वताए। चुनाव जितेर आएको रापको बेला प्रधानमन्त्री शेरवहादुर देउवाले बाम गठबन्धनलाई सरकार गठन गर्न नदिएर पानीमा सुताईदिएको भन्दै फागुनसम्म पनि सरकार गठनको सम्भावना नरहेको दावी गरे।




वैदेशिक रोजगार विभागको

## अत्यन्त जरुरी सूचना !

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रूपमा समेत तयार हुनुपर्दछ।

२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझी स्वीकृतिप्राप्त मेनपावरमार्फत् जानुहोला। एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवम् त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्न सक्ने सम्भावना हुन्छ।

३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? यकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला। बुझाएको रकमको भरपाई लिन नबिर्सिनुहोला। एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ।

४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूताबासको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा लिई जानुहोला।

५. सूचीकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बिमा अनिवार्य गराउनुहोला। विदेश जानुअघि अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्छ।

६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता–पत्रमा हस्ताक्षर गर्नुहोला। सोको एकप्रति आफूसँग राख्नुहोला। फरक फरक सम्झौता नगर्नुहोला।

७. वैदेशिक रोजगारीसँग सम्बन्धित तपाईका सम्पूर्ण कागजातहरू (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बिमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला।

८. कानुन बमोजिम सुविधा (बिमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाईमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला। विभागको स्वीकृतिबेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन। याद गर्नुहोस्, यसो गरेमा तपाईंलाई कार्बाही हुन सक्छ। यसबाट तपाई वा तपाईंको परिवार सुविधाबाट बञ्चित हुन सक्नुहुन्छ।

९. वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा सूचना र ठगीसम्बन्धी जानकारी जगाउन तत्काल विभागको हटलाइन फोन नं. ०१–४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला।

१०. पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले श्रम स्वीकृति लिनुहोला। करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनी उपचार र सुविधा उपलब्ध हुनेछैन।

११. महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेविया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिसा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला।

१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला।

१३. वैदेशिक रोजगारीका लागि प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नुहोला। कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला।



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ